बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०७७

प्रकाशन मिति : जेठ २०७८

छपाइ प्रति : २००

प्रतिलिपि अधिकार : गेरुवा गाउँपालिका, बर्दिया जिल्ला

यो प्रकाशन नेपाल सरकार, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला, गेरुवा गाउँपालिका तथा गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक र प्राविधिक तथा सोनाहा विकास समाज नेपाल, बर्दियाको संयोजनमा प्रकाशित भएको हो ।

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## अध्यक्षको भनाई

"बालबालिका भनेको भविष्यका कर्णधार हुन् " गेरुवा गाउँपालिकाले यहाँका सबै बालबालिकाहरुको नैसर्गिक हक तथा अधिकारको प्रत्याभूति सहित उनीहरुको सुन्दर भविष्यलाई मलजल गर्न सधै तत्पर र क्रियाशील छ । यद्यपी गाउँपालिका भित्र समय समयमा हुने विभिन्न घटनाहरु जस्तै बालविवाह, बालश्रम जस्ता घट्नाले समग्र बालबालिकाहरुको अधिकार र समृद्ध गेरुवाको विकासमा वाधा, अडचन पुर्याएको देखिन्छ । यस कारण बालविवाहका घटनाहरुको न्यूनीकरण गर्दै अन्त्यका लागि विभिन्न सरोकारवाला निकायहरु र गाउँपालिका बीच भएको सघन छलफल र विमर्श पश्चात गाउँपालिकाले बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०७७ तयार पारेको छ । यो एक महत्वपूर्ण दस्तावेज हुनुका साथै समग्र गेरुवाका बालबालिकाको विकास र संरक्षणको कोशेढुंगा हो । यसमा बालविवाह अन्त्यका लागि गरिने सबै प्रकारका कार्यक्रम र सरोकारवालाको भूमिका र जिम्मेवारी सहित स्पष्ट रुपमा किटान गरिएको छ ।

यो रणनीति गेरुवा गाउँपालिकाको समग्र बालविवाह अन्त्यका लागि कोशेढुंगा सावित हुनेछ भन्ने अपेक्षा लिएको छु । गाउँपालिकाको ६ वटै वडामा बालविवाहसँग जोडिएका समस्याको न्यायोचित समाधान गरी बालविवाह अन्त्यका लागि मार्गदर्शक सिद्ध हुनेछ ।

यस रणनीतिको मस्यौदा समितिका पदाधीकारी, रणनीति निर्माणको शुरुवात देखि प्रकाशनसम्म आर्थिक तथा प्राविधिक सहयोग गर्ने गुड नेवर्श इन्टरनेसनल नेपाल र सोनाहा विकास समाज लाई यो महत्वपूर्ण सहयोग र सहकार्यका लागि हार्दिक आभार प्रकट गर्दछु ।
तसर्थ, अध्यक्षको नाताले रचनात्मक सल्लाह, सुझाव प्रदान गरी मूर्त रुप दिनमा सहयोग पुर्याउनु हुने सबै सरोकारवालाहरु प्रति आभारी छु । साथै यो रणनीतिक योजनाको पूर्ण कार्यान्वयनमा सरकारी तथा गैरसरकारी क्षेत्रका सबै सरोकारवाला निकायको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गर्दछु । मैले, यो रणनीतिको सफल कार्यान्वयन पश्चात समृद्ध गेरुवा गाउँपालिका निमार्णको आधार, कृषि पर्यटन र पूर्वाधारको अवधारणालाई साकार रुप दिन सक्ने विश्वास लिएको छु । आगामी दिनमा यसै रणनीतिको आधारमा गाउँपालिका क्षेत्रमा बालविवाह न्यूनीकरण र अन्त्यका कार्यक्रम कार्यान्वयन गर्न सबैमा हार्दिक अपिल समेत गर्दछु ।

धन्यवाद ।

(जमान सिंह केसी)
अध्यक्ष

**email:** geruwarmun@gmail.com | info@geruwamun.gov.np |**website:** www.geruwamun.gov.np
सम्पर्क नं. अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८१३३
Contact No. Chairman: 9858038111, Chief Administrative Officer: 9858090441, Information Officer: 9858038133
समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार ।

च.नं. ०६३/०२१

मिति : २०७८।०२।११ गते

# शुभकामना मन्तव्य

पारिवारिक बनोट, आर्थिक र सामाजिक अवस्था, सांस्कृतिक मूल्यमान्यता र विभिन्न परम्पराहरुले एउटा समाजको मार्गचित्र तयार गरेको हुन्छ । परिवार, समुदाय र समाज एक अर्काका परिपुरक हुन् । एक समृद्ध परिवारले मात्र समृद्ध समुदाय र समाजको निर्माण हुन्छ । परिवारको उदगम विन्दु विवाह हो । विवाह गर्न पाउनु प्रत्येक मानिसको नैसर्गिक अधिकार हो । तर यसको लागि उसको परिपक्वताको आवश्यकता पर्ने हुनाले देशको संविधान तथा कानूनले विवाहको लागि आधारभूत उमेर तोकेको हुन्छ । कानूनत नेपालमा २० वर्ष अगावै गरिने विवाहलाई अवैधानिक मानिन्छ भने अर्कोतर्फ अपरिपक्व अवस्थामा गरेको विवाहले थुप्रै खालका समस्याहरु निम्त्याउँछ जसले गर्दा बालबालिकाहरुको भविष्य नै अन्यौलतातिर धकेलिन्छ । यसले बालबालिकाहरुलाई आफ्नो आधारभूत अधिकारको अभ्यास गर्ने अधिकारबाट वञ्चित गर्दछ । पारिवारिक मायाममता र गुणस्तरिय शिक्षाबाट वञ्चित भई सानै उमेरमा आफ्नो क्षमताभन्दा बढी दायित्व वहन गर्नुपर्ने, बाल मजदुरीको जोखिममा पर्ने र सानै उमेरमा बच्चा जन्माउँदा आमा र बच्चा दुवैको ज्यान जान सक्ने जोखिमता ल्याउँदछ । बालविवाहले निम्त्याइरहेका विभिन्न जोखिम, जटिलता तथा समस्याहरुलाई हृर्दयंगमन गर्दै बालविवाहलाई एक सामाजिक र कानूनी अपराधको रुपमा स्वीकार गरी यस गेरुवा गाउँपालिका, बर्दियाले बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०७७ बनाई लागू गर्न गई रहेकोमा हर्षित छु । बालविवाह बिरुद्धको अभियानलाई सफल पार्नको निमित्त स्थानीय सरकार, जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, बालअधिकारकर्मी, संघसंस्था, शिक्षक, अभिभावक, बालबालिका लगायत सम्पूर्ण महानुभावहरुले उच्च योगदान पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

सोनाहा विकास समाजको संयोजनामा रणनीति निमार्ण र यसको कार्यान्वयनमा पनि गुड नेवर्स इन्टरनेशनल नेपालको पूर्ण सहयोग रहनेछ । यस रणनीतिको कार्यान्वयनले यस गाउँपालिका क्षेत्रभित्रमा बालमैत्री वातावरणको निर्माण हुनेछ भन्ने अपेक्षाका साथ रणनीतिक कार्य सफलताको शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।

.............................

रुपा मिश्र
निर्देशक

# खण्ड क

## १. प्रस्तावना :

बालविवाह बाल अधिकारको हनन हो । नेपालले बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिवद्धताहरू जनाएको छ । बालअधिकार महासन्धी १९८९ को नेपाल पक्ष राष्ट्र हो । नेपालको संविधान २०७२ को धारा ३९ ले बालबालिकाको हकलाई सुरक्षित गर्दै बाल अधिकारलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । संविधानको धारा ३९, बालबालिकाको हक अर्न्तगत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बालविवाहलाई पहिलो पटक बालअधिकार हननको विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ ।स्थानीय सरकारलाई बालअधिकारको प्रवर्धनका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा विभिन्न जिम्मेवारीहरूको व्यवस्था गरिएको छ ।

नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता र विद्यमान राष्ट्रिय कानुनअनुसार बालविवाह एक कानुनी र सामाजिक अपराध हो । मुलुकी देवानी संहिता ऐन २०७४ को दफा ७० को उपदफा 'घ' मा २० वर्ष पूरा नभई गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँ र नगरपालिकाको काम अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने जिम्मेवारी प्रदान गरेको छ ।

नेपाल बालविवाह हुने देशहरुमध्ये उच्च जोखिममा रहेको छ । नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति बनाई कार्यान्वयनमा समेत ल्याएको छ । यस रणनीतिलाई सफल पार्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु पनि लागिपरेका छन् ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले अंगिकार गरेको लक्ष्य अनुसार स्थानीय तहमा बालविवाह अन्त्यका लागि यस गेरुवा गाउँपालिकाले पनि पहल गरी राष्ट्रिय रणनीतिका उद्देश्यहरू पूरा गर्न योगदान गर्ने तथा यस गेरुवा गाउँपालिकालाई पनि बालविवाह मुक्त गाउँपालिका बनाउन यो बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०७७ तयार गरी लागू गरिएको छ ।

## २. बालबालिका सम्बन्धी राष्ट्रिय कानुन, नीति, रणनीति एवं योजनाहरूको सङ्क्षिप्त जानकारी

### २.१ अन्तर्राष्ट्रिय र क्षेत्रिय प्रतिवद्धता :

विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs,२०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ राखिएको छ ।

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिबाट बालविवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयको प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जबरजस्ती हुने विवाह विषयको प्रस्ताव पारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन् । सोही अनुरुपमा नेपाल सरकारले पनि सन् २०३० सम्ममा बालविवाह मुक्त राष्ट्रको रुपमा अन्तर्राष्ट्रिय स्तरमा चिनिने लक्ष्य राखेको छ ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९, महिला माथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि, १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकार प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधीन आलेखहरू मार्फत विशेषत: बालअधिकार संरक्षणको क्षेत्रमा प्रतिवद्धता जाहेर गरेको छ ।

### २.२ नेपालको संविधान (२०७२) :

**<u>धारा</u> ३१. <u>शिक्षा सम्बन्धी हक</u> :**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानून बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

**धारा ३५. स्वास्थ्य सम्बन्धी हक :**

१. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ३८. महिलाको हक :**

महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्तो सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

**धारा ३९. बालबालिकाका हकहरु :**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## २.३ राष्ट्रिय कानूनी व्यवस्थाहरू :

बालबालिकाको अधिकार सुनिश्चित गर्न थुप्रै कानूनी व्यवस्था गरिएको छ, जसमा बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६, स्थानीय सरकार संचालन ऐन, २०७४ बालबालिकाका निम्ति विशेष ऐनका रुपमा रहेका छन् भने, मुलुकी अपराध(संहिता) ऐन, मुलुकी देवानी (संहिता) ऐन, २०७४, लगायत अन्य धेरै ऐनहरुमा बालबालिकाका सम्बन्धी थुप्रै व्यवस्थाहरु भएको पाइन्छ । यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन् । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६, कमैया (श्रम निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, नि:शुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकिकृतका साथै हराएका बालबालिका खोज तलास तथा समन्वयका लागि नि:शुल्क फोन नं. १०४ सहित बालबालिका खोज तलास केन्द्र संचालनमा रहेका छन् । बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित ऐन कानुनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरु कार्यान्वयनमा रहेका छन् । यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्ताबेजको रुपमा रहेको पाईन्छ ।

## २.४ मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३. (बालविवाह गर्न नहुने) :

१. विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन ।
२. उपदफा (१) विपरीत भएको विवाह स्वत: बदर हुनेछ ।
३. उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

## २.५ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ :

बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ । नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघ संस्थाहरुलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ । यसैगरी रणनीति नं ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम संचालन र गाउँस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

## २.६ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२

सन् २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्य अनुरा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले ६ वटा रणनीतिक कार्यदिशा तय गरेको छ :

- बालिका र किशोरीको सशक्तिकरण
- बालिका र किशोरीको लागि गुणस्तरीय शिक्षा
- बालक, किशोर र पुरुषको सहभागिता
- परिवार समुदायको परिचालन
- सेवाप्रवाह
- कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

## २.७ बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ उपदफा-२ (ण) बमोजिम बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको हिंसा गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ । सो कार्य गरे गराएमा सोही ऐनको दफा ७२ उपदफा ३ (ख) बमोजिम ७५ हजार रुपैयाँसम्म जरिवाना र ३ वर्षसम्म कैद हुने व्यवस्था रहेको छ । यसैगरी ऐनमा उल्लेखित दफा ६६ बमोजिमको कसूरको सम्बन्धमा प्रचलित कानुनमा कुनै हदम्याद तोकिएमा त्यस्तो हदम्याद भित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नुपर्ने व्यवस्था दफा७४ (१) ले गरेको छ ।

**वर्तमान स्थिति :**

- गरिबी र कम उत्पादन, रोजगारीको अभाव, सामाजिक विभेद, लैङ्गिक एवं पारिवारिक हिंसा दुर्व्यवहार, अभिभावक विहीनता, संचार माध्यमको दुरुपयोग, जनचतेनाको कमी, अभिभावकको वेवास्ता एवं साथी संगतको प्रत्यक्ष, अप्रत्यक्ष दवावका बीच बालविवाहले एक सामाजिक संस्कारकै रुपमा मान्यता पाएको छ ।

- नेपाल विश्वमा धेरै बालविवाह हुने २० राष्ट्रभित्र पर्दछ भने दक्षिण एशियाली मुलुकमा बंगलादेश ६६ प्रतिशत र भारत ४७ प्रतिशत पछि तेस्रो स्थान ४१ प्रतिशत मा रहेको छ । (ICRW,2006)

- सन् २०१२ मा प्लान नेपाल, सेभ द चिल्ड्रेन र वर्ल्ड भिजनबाट गरिएको अध्ययन अनुसार नेपालमा २० देखि २४ वर्षका व्यक्तिहरुमध्ये ४६.२ प्रतिशतले (महिला ५२.३ प्रतिशत र पुरुष ३३.८ प्रतिशत) बालविवाह गरेको देखिएको छ ।

- नेपाल जनसंख्या स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार करिब ५२ प्रतिशत महिलाहरुले १८ वर्षको उमेरमा नै विवाह गर्छन् । जबकि पुरुषहरुमा  १९ प्रतिशतले मात्र १८ वर्षमा विवाह गर्छन् । १५ देखि १९ वर्षका १७ प्रतिशत महिलाहरु किशोरी उमेरमै आमा भईसक्छन् वा पहिलो बच्चा जन्माउन गर्भवती हुने गर्छन् भन्ने तथ्य सो अध्ययनले देखाएको छ । अध्ययनबाट शैक्षिक अवस्था अनुसार विवाहको उमेरमा भिन्नता आउने देखिएको छ । २० देखि २४ वर्षका महिलाहरु

मध्ये १८ वर्ष मुनि विवाह गर्ने महिलाहरु हेर्दा निरक्षर महिला ७२ प्रतिशत, प्राथमिक शिक्षा लिएका ५७ प्रतिशत र माध्यमिक तहको शिक्षा लिएका २३ प्रतिशत महिला रहेका छन् ।

- किशोरकिशोरी तथा युवा सर्वेक्षण, २०११ अनुसार २० देखि २४ वर्षका युवाहरुमा ५ जना केटीहरु मध्ये ३ जना (६०.६२ प्रतिशत) र ४ जना केटामा १ जना (२२.६ प्रतिशत) ले २० वर्ष नपुग्दै विवाह गरेको अवस्था रहेको छ ।
- मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा गरिएको अध्ययनमा १० जना किशोरीमा ६ जना (६० प्रतिशत) ले १८ वर्ष नपुग्दै विवाह गरेको अवस्था देखिएको छ । (Unicef, NMICS,2010)
- मध्यपश्चिमाञ्चल क्षेत्रमा बालविवाहको दर ५३ प्रतिशत रहेको छ, जुन अन्य विकास क्षेत्रको तुलनामा उच्चभएको पाइएको छ । (स्रोत : युएनएफपिए, २०११)

## ३. नेपालमा बालविवाहको अवस्था :

नेपाल बालविवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारत पछि तेस्रो स्थानमा पर्दछ । वि.स. २०६८ को जनगणना अनुसार नेपालमा १ लाख ३८ हजार १५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएको देखिन्छ । त्यस मध्ये पनि १ लाख १५ हजार १ सय ५० बालिका रहेको तथ्याङ्कले देखाउँछ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ ले नेपालमा २० वर्षदेखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाको विवाह १८ वर्ष पुग्न अगावै भएको उल्लेख गरेको छ । अर्को तर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरुको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ ।

युनिसेफले प्रकाशित गरेको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा ३७ प्रतिशत बालिका १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् । यसैगरी १० प्रतिशत बालिका १५ वर्ष भन्दा कम उमेरमा विवाह गर्छन् ।

विशेष गरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ । विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बाजुरा, बझाङ, दार्चुला तथा तराईका बर्दिया, कैलाली आदीमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समूदायका साथै सिमान्तकृत समूहहरु जस्तै : दलित, जनजाती र मुस्लिम समूदायमा अन्य समूदायको तुलनामा यो दर उच्च रहेको छ ।

२०६८ सालको जनगणना अनुसार १,३८,०१५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएकोमा सोमध्ये १,१५,१५० जना बालिका छन् भने २२,८६५ जना मात्र बालक छन् । १० देखि १४ वर्ष उमेर समूहमा १३,६३,१०७ जनाले विवाह गरेका छन् । त्यसमध्ये ११,०१,२२३ जना बालिका रहेका छन् । बालक २,६१,२२३ जना छन् । १५ देखि १९ वर्ष उमेर समूहमा ४३,४०,४९७ बालिका र २१,७६,७८४ बालकको विवाहभएको छ । यस तथ्याङ्कबाट बालक भन्दा बालिकाहरूमा बालविवाह बढी हुने गरेको

देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत हुन आउँछ । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि ४९ वर्ष सम्मका महिलामा गरिएको सर्वेक्षण अनुसार नेपालमा १५ वर्ष नपुग्दै वा चाँडो विवाह गर्नेको संख्या १४,१६२ (१५.५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी १५ वर्षदेखि १९ वर्ष सम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५ प्रतिशत) देखिएको छ ।

## ४. गेरुवा गाउँपालिकाको संक्षिप्त परिचय :

लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा रहेको गेरुवा गाउँपालिका ७८.४१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बीचमा बनेको टापु नै गेरुवा गाउँपालिका हो । यो गाउँपालिका पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु, हात्ती, मृग आदि) अवलोकन गर्न पाइन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पाताभार, गोला, पशुपति नगर र मनाउ गा.वि.स. समावेश गरी जम्मा ६ वडाहरू कायम गरी मिति २०७३/११/२७ गेरुवा गाउँपालिकाको स्थापना गरिएको हो ।

विश्व मानचित्रमा गेरुवा गाउँपालिकाको भौगोलिक अवस्थिति २८.२४° १८.१७° देखि २८.३५° ३६.०४° उत्तरी आक्षांससम्म र ८१.८° ५१° देखि ८१.१५° १२° पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुन्द्री सतहबाट १४५ मिटरदेखि १८० मिटरसम्मको उचाइमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर नगरपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर नगरपालिका रहेका छन् ।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा गेरुवा गाउँपालिका रहेको छ । यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोतहरूमा साना व्यापार, सेवा मुलक व्यवसाय, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो ।

### ४.१ गेरुवा गाउँपालिकाको जनसंख्या

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| १९,७९० | २०,८६४ | ४०,६५४ |

### ४.२ गेरुवा गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण

| विवरण | सामुदायिक | संस्थागत | कुलजम्मा |
|---|---|---|---|
| प्राथमिक विद्यालय | १३ | ३ | १६ |
| आधारभूत विद्यालय | ८ | २ | १० |
| माध्यमिक विद्यालय | ५ | २ | ७ |
| **जम्मा** | २६ | ७ | ३३ |
| प्राविधिक शिक्षालय | १ | ० | १ |
| क्याम्पस | ० | ० | ० |

### ४.३ गेरुवा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| विवरण | संख्या | जम्मा |
|---|---|---|
| स्वास्थ्य चौकी | ४ | ४ |
| प्रसुति केन्द्र | २ | २ |
| आधारभुत स्वास्थ्य केन्द्र | २ | २ |
| गाउँघर क्लिनिक | १९ | १९ |
| खोप केन्द्र | २४ | २४ |
| आर्युबेद औषधालय | १ | १ |
| आधारभूत अस्पताल | १ | १ |

## ५. गेरुवा गाउँपालिकामा बालविवाहको अवस्था

लुम्बिनी प्रदेशको तराईमा रहेको बर्दिया जिल्लाको गेरुवा गाउँपालिकामा बालविवाह गम्भीर समस्याका रुपमा देखिएको छ । आर्थिक अवस्था मध्यम रहेको गेरुवा गाउँपालिकामा थारु जनजाति, ब्राह्मण, क्षेत्री र दलितको मुख्य बसोबास रहेको छ । गेरुवा गाउँपालिकाको सहकार्यमा गुड नेवर्स इन्टरनेशनल नेपाल र सोनाहा विकास समाज बर्दियाले वि.स. २०७७ सालमा वि.सं.२०७२ बैशाखदेखि २०७७ साल कार्तिकसम्म गरेको सर्वेक्षण अनुसार यस गाउँपालिकामा १०५ जना पुरुष र १४६ जना महिला उत्तरदाता रहेका २५१ घरधुरीमा गरेको सर्वेक्षणमा ९७ जनाको बालविवाह भएको देखिन्छ । सर्वेक्षण गरिएका घरधुरीका उत्तरदाताहरुमध्ये १९६ जनाआदिवासी/जनजाति, १७ जनादलित, ३८ जनाब्राहमण/क्षेत्री रहेका थिए भने उनीहरुमध्ये २४६ जना हिन्दु धर्म मान्ने, ४ जना बौद्ध धर्म मान्ने र १ जना मुस्लिम धर्म मान्ने थिए । ९७ जना बालविवाह हुनेमा ६० जनाबालिका र ३७ जना बालक रहेका छन भने बालविवाहको उमेरगत विश्लेषण गर्दा गाउँपालिकामा १४ वर्षदेखि नै बालविवाह भएको भएपनि बढीजसो बालविवाह १७, १८ र १९ वर्षको उमेरमा भएको देखिन्छ । ९७ जनाको बाल विवाह भएको मध्ये १७ वर्षको उमेरमा २५ जनाको, १८ वर्षको उमेरमा २४ जनाको र १९ वर्षको उमेरमा २३ जनाको बालविवाह भएको तथ्यांकले देखाएको छ । विभिन्न कारणले बालविवाह हुने गरेको यस गाउँपालिकामा बालविवाहको प्रमुख कारण ५३ जनाले साथीहरुको लहलहैमा लागेर, १२ जनाले सामाजिक संजाल तथा मोबाइलका कारणले र ११ जनाले सुरक्षित भविष्य निर्माणका लागि

बालविवाह गरेको सर्वेक्षणले देखाएको छ । बालविवाहमा गरेका ९७ जनामध्ये ६२ जनाले भागि विवाह, २० जनाले प्रेम विवाह र १५ जनाले मागिविवाह गरेको देखिन्छ । त्यसैगरी ६५ जनाले बालविवाह पछि पढाई छोडेको र ३२ जनाले मात्र पढाईलाई निरन्तरता दिएको पाइयो । बालविवाह गरेका ३६ जनाले बालविवाह गरेकोमा आफूहरुलाई पछुतो लागेको र ६१ जनाले कुनै पछुतो नलागेको बताए । बालविवाह गरेकोमा पछुतो लागेको बताउनेहरु मध्ये १४ जनाले आर्थिक अवस्था नाजुक भएकोले, १० जनाले पढाई अधुरो भएकोले, ६ जनाले स्वास्थ्य स्थिति बिग्रिएकोले, ३ जनाले चाँडो बच्चा जन्मिएकोले र ३ जनाले अन्य कारणले पछुतो लागेको बताए । गाउँपालिकामा २५१ जना उत्तरदाताहरु मध्ये कानुनी रुपमा कति वर्ष पुगेपछि मात्र विवाह गर्न मिल्छ तपाईलाई थाहा छ ? भनी सोधेको प्रश्नमा १९६ जनाबाट थाहा छ र ५५ जनाबाट थाहा छैन भन्ने उत्तर आयो ।

सर्वेक्षणमा २३३ जनालाई बालविवाह न्यूनीकरणका लागि समूदायमा विभिन्न कार्यक्रमहरु संचालन भएको थाहा नभएको र १८ जनालाई मात्र थाहा भएको बताएका थिए । त्यसैगरी १६७ जनाले बालविवाह भइसकेपछि उजुरी दिने चलन नभएको, ५० जनाले उजुरी दिने चलन भएको र ३४ जनाले कसैकसैले उजुरी दिने गरेको बताएका थिएभने त्यसमध्येमा ८८ जनाले त्यस विषयमा चासो नभएकोले, ४५ जनाले व्यक्तिगत रिस,इबी हुन्छ भनेर, ३७ जनाले नातेदार भएकोले, ३५ जनाले अरुले पनि त गरेकै हुन भनेर, २७ जनाले कसैको दबाबवा डरले उजुरी नदिने गरेको बताएका छन । गेरुवा गाउँपालिकामा २५१ जना उत्तरदाताहरु मध्ये ६७ जनाले जनचेतनाको कमीले, ६७ जनाले सामाजिक चलन, ३९ जनाले परिवारको कमजोर आर्थिक अवस्थातथा गरिबीका कारणले र ७८ जनाले अन्य कारणले बालविवाह हुने गरेको बताएका छन ।

तथ्यांक अनुसार गेरुवा गाउँपालिकामा बालविवाह घट्नुको साटो बढिरहेको छ । यस गाउँपालिकामा बालविवाह बालसंरक्षणको एक प्रमुख सवालका रुपमा रहेको अवस्था छ ।

# ६. रणनीति तर्जुमा प्रक्रिया र अध्ययनबाट प्राप्त नतिजा :

## ६.१ रणनीति तर्जुमा प्रक्रिया :

बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०७७ को मस्यौदा तयारीका लागि गेरुवा गाउँपालिका स्तरीय एक मस्यौदा समितिको गठन गरिएको थियो । गुड नेवर्स इन्टरनेशनल नेपाल र गाउँपालिका कार्यालयको आर्थिक तथा प्राविधिक सहयोग तथा सोनाहा विकास समाजको कार्यान्वयनमा यो रणनीति तयार भएको हो । घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्याङ्कहरु, सरोकारवालाहरुसँग गरिएको छलफल तथा अर्न्तक्रियाबाट प्राप्त सुझाव तथा पृष्ठपोषण, लक्षित समूह छलफल (बालक्लब, समुदाय, बाल संरक्षण समिति आदि) बाट प्राप्त नतिजा र सहायक सन्दर्भ सामग्रीहरुलाई यो रणनीति तर्जुमाको आधार लिइएको छ । यो रणनीति तयार पार्न तपसिलको प्रक्रिया अपनाइएको थियो :

- गाउँपालिका स्तरमा एक रणनीति मस्यौदा समिति गठन ।
- सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल समूह, स्थानीय प्रहरी निकाय, गुड नेवर्स इन्टरनेशनल नेपाल, सोनाहा विकास

समाज) लगायतका प्रतिनिधिहरुको सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तर्क्रिया तथा छलफल संचालन ।

- बालक्लब, बाल संरक्षण समिति र लक्षित समूहसँग छलफल र अर्न्तक्रिया संचालन ।
- प्रारम्भिक गोष्ठीमा गाउँपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।
- २०७२ बैशाखदेखि २०७७ कार्तिक मसान्तसम्ममा विवाह गर्ने व्यक्तिको सर्वेक्षण गरी बालविवाह र गैरकानूनी विवाह गर्ने जोडीको संख्या पहिचान र विश्लेषण ।
- बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाँडफाड ।
- गाउँपालिका क्षेत्र भित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह अन्त्यका लागि स्थानीय रणनीति मस्यौदा समितिमा छलफल ।
- प्रारम्भिक मस्यौदा लेखन र गाउँपालिका स्तरको रणनीति मसौदा समितिमा पेश र छलफल ।
- नीतिगत कानूनी तथा अन्य सल्लाह सुझाव संकलन ।
- गाउँपालिका स्तरको रणनीति मसौदा समितिबाट अनुमोदन ।
- गाउँपालिकाबाट बालविवाह न्यूनीकरण रणनीति पारित तथा स्वीकृत ।

नेपालले बालअधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र गेरुवा गाउँपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै यस गेरुवा गाउँपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी पेश गरे बमोजिम मिति २०७७ चैत २ गतेको कार्यपालिका बैठकबाट पारित गरी लागू गरिएकोछ ।

### ६.२ अध्ययनबाट प्राप्त नतिजा (बालविवाहका मुख्य कारण र परिणामहरू) :

गेरुवा गाउँपालिकामा बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, बालापन शोषण, सामाजिक, आर्थिक परिस्थितिमा नकारात्मकता र देशका भावी कर्णधारहरुको उचित शिक्षा दिक्षा नहुनु रहेको छ ।

बालविवाहको अवस्था अध्ययनका लागि गरेको सर्भेक्षण, लक्षित समूह छलफल, सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रिया, मुख्य व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस गेरुवा गाउँपालिकामा गरिबी, अशिक्षा, आधुनिक सामाजिक संजालको गलत प्रयोग, केही परम्परागत मूल्य मान्यताहरुका कारण र चेतनाको कमीलाई बालविवाहका मुख्य कारणको रुपमा लिइएको छ । यसका अतिरिक्त बालविवाह हुनुका मुख्य कारणहरु र तिनका प्रभावहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

**बाल विवाहका मुख्य कारणहरु :**

- अभिभावकहरुले बालबालिका प्रति चासो तथा निगरानी नराख्नु ।
- नीति, कानुन र सोको प्रभावकारी कार्यान्वयन नहुनु ।
- परिवारको आर्थिक अवस्था कमजोर, गरिबी र अज्ञानताका कारणले ।
- बालबालिकाहरुलाई एक्लै घरमा छोडेर अभिभावकहरु रोजगारीका लागि भारत लगायतका तेस्रो मुलुक जानु ।
- साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको देखा सिकी गर्नु ।
- बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी ।
- उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारीको कमी ।
- बालबालिका सम्बन्धी विद्यमान नीति, कानुन र रणनीतिको प्रभावकारी कार्यान्वयन नहुनु ।
- अभिभावकहरुमा जनचेतनाको कमी ।
- किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव ।
- आधुनिक सामाजिक सञ्जालका साथै मोबाइलफोनको गलत प्रयोग ।
- विवाह सम्बन्धी परम्परागत गलत संस्कार तथा मान्यताहरु ।
- पारिवारिक दबाव ।
- पारिवारिक माया ममताको अभाव ।
- समुदायमा बालमैत्री व्यवहार हुन नसक्नु ।
- बालबालिका तथा किशोरकिशोरीहरुमा प्रजनन तथा यौन शिक्षाको अभाव ।
- विद्यालयमा अध्ययन कमजोर हुनु र विद्यालय छोड्नु ।

**बालविवाहका मुख्य असरहरु :**

- कम उमेरमै पारिवारिक जिम्मेवारी वहन गर्नु पर्ने ।
- पारिवारिक माया ममताबाट बञ्चित ।
- घरेलु हिंसा बढ्ने ।
- विद्यालय शिक्षामा निरन्तरता दिन नसक्नु र भावी दिनहरुमा बेरोजगारीको चपेटामा पर्नु ।
- बालअधिकारको हनन् भई विभिन्न प्रकारका शोषणहरुको शिकार हुनु ।
- बालमजदुरको दलदलमा फस्नु ।
- वैवाहिक जीवन दिगो नहुने ।
- बहुविवाह, यौनदुर्व्यवहार र बेचबिखन जस्ता थप हिंसाको श्रृखला सिर्जना हुन्छ ।
- शारीरिक अपरिपक्वताको कारण स्वयं आमा र बच्चाको स्वास्थ्यमा समस्या उत्पन्न हुने ।
- किशोरीहरुको शारीरिक, प्रजनन, बौद्धिक र मानसिक स्वास्थ्यमा प्रतिकुल असर पर्नु ।
- कम तौल र अपरिपक्व बच्चाको जन्म हुनु र गर्भवती तथा सुत्केरी अवस्थामा विभिन्न जटिलता आई आमा र बच्चा दुबैको ज्यान समेत जान सक्ने खतरामा पर्नु ।

## ६.३ गेरुवा गाउँपालिकामा बालविवाह सम्बन्धी देखिएका समस्या तथा सवालहरू, सबल पक्ष, अवसर, चुनौती तथा बालविवाह रोक्नका लागि गाउँपालिकामा संचालन गर्नुपर्ने कार्यक्रमहरू :

**गेरुवा गाउँपालिकामा बालविवाह सम्बन्धी देखिएका समस्या तथा सवालहरु :**

- मादकपदार्थ, लागु पदार्थ, धुम्रपान, नशालु पदार्थको सेवन ।
- विद्यालय छोड्ने दर कायमै रहेको र उच्च शिक्षा हासिल गर्ने दरमा गिरावट ।
- महिला हिंसा, सम्बन्ध विच्छेद, बहुविवाह ।
- शैक्षिक गुणस्तरमा समस्या ।
- अभिभावकको कम चासो, बालबालिकाहरुमा निगरानीको कमी ।
- सामाजिक अभियानमा कम चासो ।

**सबल पक्ष :**

- बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाहरु हुनु ।
- कार्यक्रमको लागि बजटेको व्यवस्था ।
- रणनीतिक योजना निर्माणमा अग्रसरता ।
- कार्यक्रम सञ्चालनको लागि जनप्रतिनिधि/सरोकारवालाको सहभागिता ।

**अवसरहरु :**

- मिश्रित सामाजिक परम्परा
- परिवर्तनमुखी जनचाहना
- विभिन्न सीपमूलक तालिम सञ्चालन
- बालविवाहले निम्त्याएको खराब असरबारे सचेतीकरण बिस्तार
- गाउँपालिका बासीहरुको आर्थिक अवस्थामा क्रमिक सुधार
- पालिका भित्र भेदभावरहित कानुनी कार्यान्वयन
- कानुन नियमन तथा अगुनगमनको क्रियाशिलता
- गाउँपालिका बासी प्रति राज्य, सरकारी तथा गैरसरकारी संस्थाहरुको सकारात्मक सद्भाव र सहयोग ।

**चुनौतीहरु :**

- सामाजिक तथा धार्मिक मूल्य मान्यताहरु (मेलाजात्रा, मगनी, कन्यादान, मौसमी)
- बेरोजगारी, अशिक्षा
- सञ्चार माध्यमको दुरुपयोग (फेसबुक, युट्युब, भाईबर, ट्वीटर, मोबाईल)
- राजनैतिक हस्तक्षेप
- वर्तमान कानुन प्रभावकारी कार्यान्वयन नहुनु ।

**बालविवाह रोक्नका लागि गाउँपालिकामा संचालन गर्नुपर्ने कार्यक्रमहरु :**

- बालविवाह न्यूनीकरण सम्बन्धी बालविवाहका असर तथा प्रभावका बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्र सक्रिय रुपमा लाग्नुपर्ने ।
- बालविवाह सम्बन्धी अभिभावक शिक्षा संचालन गर्नुपर्ने ।
- बालबालिकालाई लागु पदार्थ सेवन र ओसारपसार गर्नबाट टाढै राख्नुपर्ने ।
- कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- बालविवाह गर्नु अपराध हो भन्ने कुराको बोध गर्ने खालका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

## ७. बालविवाह न्युनीकरणका लागि रणनीति योजनाको आवश्यकता र औचित्य :

नेपालको संविधानले महिला र बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ र बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण र बन्धक राख्न नपाइने र महिला विरुद्ध धार्मिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिसांजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको संवैधानिक सुनिश्चितता गरेको छ । यसैगरी नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिगो विकासका परिलक्ष्यहरु हासिल गर्न गरेका प्रतिबद्धता अनुसार सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेका छन् । यस सन्दर्भमा बालबालिकाको स्वास्थ्य, शिक्षा र सहभागिताको स्थितिमा क्रमिक रुपमा सुधार हुँदै गएता पनि विभिन्न कारणले बालबालिका तथा किशोरकिशोरीहरुले बालविवाह पश्चात् भोग्नु परेका समस्या र जोखिमको तुलनामा नीतिगत, कार्यगत तथा संस्थागत प्रयासहरू अपर्याप्त देखिएका छन् । गरिवी, अशिक्षा, सामाजिक सञ्जालको दुरुपयोग, हानिकारक सामाजिक मूल्यमान्यता, परम्परा र संस्कार, लैङ्गिक हिंसा, पारिवारिक दुर्घटना र बालबालिका विरूद्ध बढिरहेका हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरूले समग्र विकास प्रक्रियालाई नकारात्मक प्रभाव पारेका छन् । बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ ले बालविवाहलाई अन्त्य गर्न स्पष्ट रणनैतिक कार्य दिशा प्रदान गरेको छ । जसमा प्रत्येक रणनीतिको लागि विशिष्ट रणनैतिक उपायहरुको बारेमा उल्लेख गरेको छ । सो राष्ट्रिय रणनीतिले तय गरेका लक्ष्य र उद्देश्यलाई पूरा गर्न हालसम्म बर्दिया जिल्लाका नगरपालिका र गाउँपालिकामा यस प्रकारको कुनै पनि कार्य योजना निर्माण भइ नसकेको अवस्थामा गेरुवा गाउँपालिकाले बालविवाह अन्त्यको लागि रणनैतिक योजना निर्माण गर्ने आवश्यकता महसुस गरी बालविवाह न्यूनीकरण सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना (वि.सं.२०७७-२०८१) निर्माण गरेको छ ।

गेरुवा गाउँपालिकामा परम्परागत रुपमा चलिआएको बालविवाह अन्त्य गर्न यो रणनीति तय गरिएको हो । बालविवाह मुक्त वडा घोषणा गर्दै गेरुवा गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउन यो रणनीतिले सहायक भूमिका खेल्ने छ । बालविवाह न्यूनीकरणका लागि रणनीति योजनाको औचित्यलाई यसरी प्रष्ट पार्न सकिन्छ ।

**७.१** बालविवाह कानुनी रुपमा दण्डनीय अपराध भएता पनि गेरुवा गाउँपालिकाले बालविवाह अन्त्य गर्न सकेको छैन । नेपालको संविधान २०७२ ले बालविवाह बन्देज गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्न आवश्यक छ ।

**७.२** बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा संघ, प्रदेश र स्थानीय सरकारका साथै सरकार सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा तत् तत् निकायहरु बीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्न आवश्यक छ ।

**७.३** स्थानीय तहमा बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै यस गाउँपालिकाको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

**७.४** सन् २०३० सम्ममा नेपाललाई बालविवाह मुक्त देश घोषणा गर्ने लक्ष्यका साथ बनेको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ सफल पार्नका लागि तत् अनुसारको स्थानीय रणनीति बनाई राष्ट्रिय रणनीतिलाई औपचारिक रुपमा कार्यान्वयनमा ल्याउन नितान्त आवश्यक छ ।

**७.५** बालविवाहलाई केन्द्रविन्दुमा राखी एकीकृत र सम्पूर्ण सरोकारवाला सहयोगी संस्था तथा निकायहरुको साझेदारीमा क्रियाकलाप संचालन गर्न आवश्यक छ ।

**७.६** गाउँपालिकालाई प्राप्त स्वायत्तताको अधिकारलाई अवसरका रुपमा बालविवाह अन्त्यका लागि सदुपयोग गरी आफ्नै अगुवाईमा नीति कार्यक्रमहरु निर्माण गर्न जरुरी छ । त्यसको लागि साधन र श्रोतको पहिचान गरी उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन मार्फत बालविवाहको अन्त्य गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चत गर्न आवश्यक छ ।

**७.७** यस गाउँपालिकालाई बालविवाह लगायत सबै प्रकारका बालशोषण तथा दुर्व्यवहारबाट मुक्त बनाउन सबै सरोकारवालालाई प्रतिबद्ध बनाउन आवश्यक छ ।

## ८. रणनीतिका सिद्धान्तहरू :

### ८.१ समानताको अधिकार :

प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव बिनाको समान अधिकार हुनुपर्दछ ।

### ८.२ बालबालिकाको सर्वोत्तम हित :

बालबालिकाको विषयमा कुनै पनि निर्णय गदाए उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

### ८.३ बालबचाउ र विकास :

प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चत्तम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

### ८.४ संरक्षण :

बालविवाह, बेचविखन तथा ओसारपसार जस्ता हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

### ८.५ अर्थपूर्ण सहभागिता :

बालबालिकासँग सरोकार राख्ने सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र विचार व्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रक्रियामा सहभागिता वृद्धि भएको छ ।

### ८.६ राज्यको दायित्व :

नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६-२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लङ्घनको कारकतत्वको रुपमा रहेको बालविवाह रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था छ ।

# खण्ड-ख

# (बालविवाह न्युनिकरणका लागि पञ्चवर्षिय रणनीतिक योजना (२०७७-२०८१)

## ९. परिकल्पना :

बालमैत्री तथा लैङ्गिक समानतामूलक समाजको स्थापना गर्ने ।

## १०. दूरदृष्टि (Vision) :

बालमैत्री तथा लैङ्गिक समानतामूलक समाजको स्थापना गर्ने ।

## ११. ध्येय (Mission) :

गेरुवा गाउँपालिका भित्र बालविवाह मुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ।

## १२. लक्ष्य (Goal) :

वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा बालविवाहको अन्त्य गरी बालबालिकाको अधिकारको प्रत्याभूति गराउने"

## १३. समग्र उद्देश्यहरू (Objectives) :

आगामी ५ वर्ष भित्रमा माथि उल्लेखित परिकल्पना, ध्येय तथा लक्ष्य प्राप्त गर्नका लागि निम्न उद्देश्यहरु निर्धारण गरिएको छ :

**१३.१** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुँचमा पुगी बालबालिका मैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् ।

**१३.२** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत् स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् ।

**१३.३** वि.सं. २०८१ सम्ममा बालविवाह अन्त्य गर्नको लागि गेरुवा गाउँपालिकाका किशोरकिशोरी, अविभावक, सेवाप्रदायक, सामुदायिक संयन्त्रको क्षमतामा विकास भई परिचालित भएका हुने छन् ।

**१३.४** वि.सं.२०८१ सम्ममा गेरुवा गाउँपालिकामा सूचना र सञ्चारका विभिन्न माध्यम मार्फत् बालविवाह अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम एवं प्रचार प्रसार गरिएको हुनेछ ।

**१३.५** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका भित्रका न्यून आयश्रोत भएका अभिभावकहरु तथा विद्यालय विमुख किशोरकिशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आय आर्जनमूलक क्रियाकलापमा सहभागी भई बालविवाह रोकिएको हुनेछ ।

**१३.६** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा बालविवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**१३.७** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा नगर, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालित भएका हुनेछन् ।

**१३.८** गेरुवा गाउँपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय रणनीति योजना (२०७७-२०८१) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ ।

## १४. अपेच्छित उपलब्धिहरू :

**१४.१** विभिन्न उमेर, लिङ्ग, असक्षमता, पारिवारिक पृष्ठभूमि भएका बालबालिका र तिनका परिवारहरूको सशक्तिकरण गरी प्रत्येक बालबालिकाको सुरक्षित जन्म, स्तनपान, खोप, हेरचाह, स्वास्थ्य, शिक्षा लगायत आधारभूत अधिकारको प्राप्तिमा वृद्धि भई बालविवाह न्युनिकरण भएको हुनेछ ।

**१४.२** घरपरिवार, विद्यालय, समुदायमा बालबालिकाको अधिकार तथा सोका सम्बन्धमा वहन गरिनुपर्ने उत्तरदायित्वबारे चेतना अभिवृद्धि भएको हुनेछ ।

**१४.३** घरपरिवार, विद्यालय, समुदाय एवम् उत्तरदायित्व वहन गर्ने सरकारी निकाय, स्थानीय तह, वडा समिति, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्र समेतमा बाल विकासका लागि गुणस्तरीय सेवा प्रदान गर्न निरन्तर बहस/पैरवी भएको हुनेछ । बालबालिकामाथि हुने सबै खालका हानी, हिंसा, दुर्व्यहार र बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयार गर्ने र सम्पूर्ण सरोकारवालालाई सोको पालना गर्न प्रोत्साहित गरिएको हुनेछ ।

**१४.४** विद्यालय, स्वास्थ्य संस्था, स्थानीय निकायको कार्यपद्दतिका सन्दर्भमा बालमैत्री अवधारणा प्रवर्द्धन गर्न, बालमैत्री संरचनाको विकास र सुदृढीकरणका लागि क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य भएको हुनेछ ।

**१४.५** बालबालिकासँग प्रत्यक्ष्य सम्बन्धित सरकारी निकायहरू र गैर सरकारी संघसंस्था बीच समन्वय, सहकार्य बढाई बालबालिकाका अधिकारको प्रत्याभूति तथा सेवाको प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ ।

**१४.६** बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकारी, गैर सरकारी, सामुदायिक, निजी तथा व्यावसायिक क्षेत्रसँग रहेको स्थानीय स्रोतसाधनको पहिचान र परिचालन भएको हुनेछ ।

**१४.७** बालबालिकाको संरक्षण र विकासको लागि सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्रको तर्फबाट कार्यान्वयनमा आएका नीति, रणनीति, र कार्ययोजनाको नियमित रुपमा समिक्षा, अनुगमन, तथा मूल्यांकन गर्ने संयन्त्रको विकास भई क्रियाशिल भएको हुनेछ ।

**१४.८** जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बालक्लब वा बालसंरक्षण समितिबाट स्वीकृति वा सिफारिस लिएर मात्र विवाह गर्ने परिपाटी कायम भएको हुनेछ ।

**१४.९** कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समूह र बालक्लब गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालनमा क्रियाशिल रहेका हुनेछन् ।

**१४.१०** प्रत्येक समुदायमा बालविवाह निगरानी समूहहरुको गठन भई बालविवाह न्यूनिकरणका लागि क्रियाशिल भएको हुनेछन् ।

**१४.११** स्थानीय स्तरमा गठित टोल स्तरिय, वडा स्तरिय र विद्यालय स्तरिय बालक्लबलाई परिचालन गरिएको हुनेछ ।

## १५. मुख्य रणनीतिक कार्यहरू :

बालविवाह न्युनिकरण गर्दै यसको अन्त्यका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ :

### १५.१ बालिका र किशोरीको सशक्तिकरण गर्ने :

**१५.१.१** औपचारिक, अनौपचारिक, दौंतरी शिक्षा, अतिरिक्त क्रियाकलाप, सञ्चारका माध्यमहरु, बालक्लब, युवाक्लब, बालसंरक्षण समिति तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरू बारेमा सचेत गराई, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।

**१५.१.२** यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने ।

**१५.१.३** विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको शिक्षाको पहुँच सुनिश्चित गर्ने ।

**१५.१.४** सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने ।

**१५.१.५** बालविवाह विरुद्ध सामूहिक पहलका लागि बालिकालाई समूह (बालक्लब, किशोरी समूह, बालसंरक्षण समिति) निर्माण गरी विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने।

### १५.२ बालिका र किशोरीहरूको लागि गुणस्तरीय शिक्षा :

**१५.२.१** विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने।

**१५.२.२** विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।

**१५.२.३** भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।

**१५.२.४** विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई बालमैत्री शिक्षण सिकाइ तालिम प्रदान गर्ने ।

**१५.२.५** विद्यालयको व्यवस्थापन समितिले गर्ने निर्णय प्रक्रियामा बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

**१५.२.६** बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध बालिका तथा किशोरीहरुको नेतृत्वमा जनचेतनामूलक अभियान संचालन गर्ने ।

**१५.२.७** छात्राहरुका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।

**१५.२.८** बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई परिवार तथा विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

**१५.२.९** विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।

**१५.२.१०** बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवावारे सु–सूचित गर्न स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने । विद्यालयमा सेनेटरी प्याडको व्यवस्था गर्ने ।

**१५.२.११** बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयारी र पालना गर्ने ।

### १५.३ बालक, किशोर तथा पुरूषहरूको सहभागिता :

**१५.३.१** बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिबृद्धि गरी बालविवाह, लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

**१५.३.२** सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा जनमत सृजना गर्ने ।

**१५.३.३** बालबालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।

**१५.३.४** बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने तथा दाइजो/धनखाने जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।

**१५.३.५** बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामीझाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने, उनीहरुसँग अन्तरक्रिया गर्ने र उनीहरुबाट लिखित प्रतिबद्धता लिने (धामी, पुरोहित, पुजारी) ।

### १५.४ परिवार र समुदायको परिचालन :

**१५.४.१** समुदायमा रहेका विभिन्न अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान संचालन गर्ने ।

**१५.४.२** असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

**१५.४.३** सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।

**१५.४.४** छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी **बालविवाहमुक्त वडा** अभियान संचालन गर्ने ।

**१५.४.५** गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्द्धन र क्षमतामा अभिवृद्धि गर्ने ।

**१५.४.६** असहाय, अनाथ र जोखिमको अवस्थामा रहेका बालबालिकालाई संरक्षण तथा सहयोग प्रदान गर्ने समुदायमै संरक्षणको प्रभावकारी व्यवस्था गर्ने । गरिबीको अवस्थामा रहेका तथा बञ्चीतिकरणमा परेका बालबालिकाका अभिभावकहरुलाई विभिन्न आर्थिक स्वरोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, आर्थिक सहयोग प्रदान गरी सक्षम बनाउने ।

**१५.४.७** दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

**१५.४.८** बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र संजाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**१५.५ सेवा प्रवाह** :

**१५.५.१** बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

**१५.५.२** किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोगहरुको रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

**१५.५.३** बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

**१५.५.४** सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकताअनुसार तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणाली विकास गर्ने ।

**१५.६.५** पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वा विवाहित बालिकालाई जीवनोपयोगी सीप, आयआर्जन सम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।

**१५.५.६** बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरुको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि पहल गर्ने ।

**१५.५.७** स्थानीय तह तथा वडास्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

**१५.५.८** स्थानीय निकायमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने ।

**१५.५.९** पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी जन्म, मृत्यु, विवाह एवं बसाई सराई र सम्बन्ध बिच्छेदको कुरालाई वडा कार्यालयमा दर्ता गर्ने प्रक्रियालाई जोड दिने ।

**१५.५.१०** बैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**१५.५.११** बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको समन्वय गर्ने ।

**१५.५.१२** विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने ।

**१५.५.१३** कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने ।

### १५.६ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन :

१५.६.१ बलविवाह सम्बन्धी विद्यमान कानुनी प्रावधानको जानकारी र सचेतना प्रदान गर्ने ।

१५.६.२ गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि लैङ्गिक हिंसा र बालविवाह सम्बन्धी कानुनी प्रावधान सम्बन्धि अभिमुखीकरण कार्यक्रम तर्जुमा गर्ने ।

१५.६.३ बालविवाहबाट प्रभावित बालबालिकाहरुको उद्धार, कानुनी र मनोविमर्श सेवाप्रदान गर्ने ।

१५.६.४ मदिरा तथा सुर्तीजन्य पदार्थको व्यवस्थित बिक्री वितरण र बालबालिका माथिको प्रयोगमा नियमन गर्ने ।

१५.६.५ समुदाय तहमा मद्यपान, धुम्रपानजन्य सामग्रीहरुको बिक्री वितरण र बालबालिकाको प्रयोगलाई मौजुदा काननु र निश्चित आचार संहिताका आधारमा नियन्त्रण र नियमन गर्ने वातावरण बनाउने ।

### १५.७ बालक्लव, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरूको विकास र परिचालन :

**१५.७.१** प्रत्येक विद्यालय, समुदाय, टोलमा बालक्लब गठन गरी उनीहरुको बालविवाह विरुद्ध क्षमता विकास गर्ने, वडास्तरमा वडा बालसंजाल संयन्त्रको विकास गर्ने । बालक्लब तथा बालसंजाललाई नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायतका कानूनी पहिचान प्रदान गर्ने ।

**१५.७.२** प्रत्येक विद्यालय, समुदाय र टोलमा किशोरी तथा युवा समूह गठन गरी उनीहरुको क्षमता विकास गर्ने, वडास्तरमा वडास्तरीय किशोरी संजाल गठन गरी संयन्त्रको विकास गर्ने साथै नियमानुसार स्थानीय तहमा दर्ता गरी, विधान र प्रमाण पत्र लगायत कानूनी पहिचान प्रदान गर्ने ।

**१५.७.३** प्रत्येक समुदाय/टोलमा बालविवाह निगरानी समूह गठन गरी उनीहरुको क्षमता विकास गर्ने, वडास्तरमा वडा बालसंरक्षण समिति गठन गर्ने । बालविवाहका साथै बालबालिका माथि हुने हानिकारक कामहरु विरुद्ध बालसंरक्षण समितिलाई सक्रिय बनाउने ।

**१५.७.४** बालक्लव, किशोरी समूह, युवा समूह र बालसंरक्षण संयन्त्रहरुकाको सूचना प्रविधिको पहुँच तथा पहिचानमा वृद्धि गर्ने, बालविवाह हुने सूचना प्राप्त भएमा सम्बन्धित सरोकारवाला समक्ष सूचना पुऱ्याउने र बालविवाह अन्त्यका लागि कानूनी पहल समेत गर्ने ।

**१५.७.५** बालविवाह अन्त्यका लागि परिवार, समुदाय, बालबालिका, बालक्लव, किशोरी/बहिनी समूह, बालसंरक्षण समिति र वडासमितिको सहभागितामा आचारसंहिता निर्माण गरी लागू गर्ने तथा गराउने ।

## १६. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरू :

**१६.१** बालविवाह अन्त्यका लागि स्थानीय रणनीति कार्यान्वयनका लागि गाउँपालिका स्तरीय समिति गठन ।

**१६.२** बालक्लब, बाल संजाल र सामुदायिक संस्थाहरुको गठन तथा परिचालन ।

**१६.३** सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।

**१६.४** स्थानीयतहको परिषदबाट बालविवाह न्यूनीकरण र बालविवाह मुक्तक्षेत्र घोषणाका लागि बजेट विनियोजन गर्ने प्रतिवद्धता र कार्यान्वयन ।

**१६.५** बालविवाह मुक्त क्षेत्र घोषणाका लागि न्यूनतम सेवा सूचकको निर्धारण ।

**१६.६** बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयन र विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण र छलफल ।

**१६.७** सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता घोषणा ।

**१६.८** स्थानीय स्तरमा बालसंरक्षण तथा बालविवाह न्युनीकरणका लागि संयन्त्रहरु विस्तार, सबलीकरण र परिचालन ।

**१६.९** बालविवाह अन्त्यका लागि आवधिक तथा वार्षिक योजना/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

**१६.१०** बालक्लव, किशोरी वा बहिनी समूह र बालसंरक्षण समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन ।

**१६.११** बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान (Signature Campaign) संचालन ।

**१६.१२** अनुगमन, समीक्षा, मूल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

**१६.१३** बालक्लव र किशोरी/बहिनी समूहको अगुवाईमा बालविवाहमुक्त विद्यालय घोषणा ।

**१६.१४** बालविवाह मुक्तगाउँ, वडा र गाउँपालिका घोषणा र यसको निरन्तरता ।

## १७. बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरू :

१७.१ यो रणनीति लागू भए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा १८ वर्ष भन्दा मुनिका बालविवाहको संख्या शुन्य अवस्थामा रहेको हुनु पर्ने ।

१७.२ १८ वर्षदेखि २० वर्ष उमेरका बालविवाहको संख्यामा ९० प्रतिशतले कमी आएको र मागी विवाहको संख्या शुन्य रहेको हुनु पर्ने ।

१७.३ कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा सक्रिय रुपमा वकालत गर्दै आएका बालक्लबहरुले वार्षिक योजना बनाई अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्दै गरेको ।

१७.४ प्रत्येक समुदायहरुमा बालविवाह निगरानी समूहहरुको स्थापना भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएका हुनु पर्ने ।

१७.५ प्रत्येक वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक होडिङ बोर्डहरु राखिएको हुनु पर्ने छ ।

१७.६ जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बालक्लब वा बाल संरक्षण समितिबाट स्वीकृति वा सिफारिस लिने गरेको ।

१७.७ नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउने आमाहरुको संख्या शून्य रहको हुनु पर्ने ।

१७.८ स्थानीय सरकार (गाउँपालिका वा वडा कार्यालयहरु) ले वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्ने ।

१७.९ कक्षा ५ देखि माथिका विद्यालयहरुले बाल अधिकार तथा बाल संरक्षणका निमित्त वार्षिक कार्ययोजनामा बालविवाहलाई केन्द्रविन्दुमा राखी विविध किसिमका अतिरित्त क्रियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्ने छ ।

१७.१० कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक-एक ओटा बहिनी वा किशोरी समूह गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाह विरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्ने ।

१७.११ समुदाय, वडा तथा गाउँपालिकामा रहेका बाल संरक्षण सम्बन्धी सम्पूर्ण संयन्त्रहरु बालविवाह न्युनिकरणमा क्रियाशिल भएको हुनु पर्ने ।

## १८. मुख्य क्रियाकलापहरू तथा कार्यान्वयनको योजना :

| क्र.सं. | मुख्य क्रियाकलापहरू | कार्यान्वयन वर्ष | | | | | कार्यान्वय गर्ने निकाय | सहयोगीनिकाय | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | | | |
| **उद्देश्य नं. १. संग सम्बन्धित बालविवाह अन्त्यका लागि विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्न बाल संरक्षणको विकास गर्ने क्रियाकलापहरु :**वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका दल हक भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरु विद्यालयको पहुँचमा पुगी बालबालिका मैत्री गुणस्तरीय शिक्षा पाइरहेका हुनेछन् र २० वर्ष पारी मात्र विहेवारी गरेका हुनेछन् । | | | | | | | | | |
| १ | बालक्लब, बाल संजाल, गठन तथा पुर्नगठन (समुदाय,टोल,विद्यालय, वडा स्तरमा) | √ | √ | √ | √ | √ | विद्यालय, समुदाय, बालसंरक्षण समिति | विद्यालय, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| २ | बाल संरक्षण समितिको गठन तथा पुर्नगठन र सबलीकरण (समुदाय, विद्यालय वडा तथा गाउँपालिका स्तरमा) | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ३ | किशोरी समूह गठन तथा पुर्नगठन (विद्यालय, टोल र वडास्तरीय) | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ४ | बालविवाह विरुद्ध निगरानी समूह गठन (समुदाय, टोल र वडास्तरीय) | √ | √ | √ | √ | √ | गाउँपालिका कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५ | युवाक्लव गठन तथा परिचालन | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ६ | आमासमूह, स्वास्थय सवयम्सेविका समूह, अभिभावक समूह गठन तथा परिचालन | √ | √ | √ | √ | √ | गाउँपालिपालिका वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ७ | वडास्तरीय बालसंरक्षण नीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | गापा वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ८ | विद्यालय अन्तरक्रिया र सचेतना कार्यक्रम | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदार संस्थाहरु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | किशोरकिशोरी, शिक्षक र अभिभावक बीच अन्तरपुस्ता संवाद, अन्तरक्रिया, छलफल, सचेतनामलुक अतिरिक्त क्रियाकलाप संचालन | | | | | | | | |
| ९ | अभिभावक शिक्षाकार्यक्रम | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १० | बालमैत्री विद्यालय संचालन, व्यबस्थापन सम्बन्धि तालिम, अभिमुखीकरण तथा भौतिक पूर्वाधार निमार्ण | √ | √ | √ | √ | √ | गाउँपालिका वडा कार्यालय | विद्यालय, गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| **उद्देश्यः २. संग सम्वन्धीत आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने क्रियाकलापहरु :**वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका भित्रका २० वर्ष मुनिका सबै बालबालिका तथा किशोरकिशोरीहरुले बृहत् स्वास्थ्य शिक्षाको बारेमा जानकारी प्राप्त गर्दै किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा प्राप्त गरी स्वस्थ जीवनयापन गरिरहेका हुनेछन् । | | | | | | | | | |
| १. | अन्तरक्रिया कार्यक्रम (बालक्लब, अभिभावक, किशोरी समूह, र अन्य सरोकारवालाहरु) | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| २. | समुदाय छलफल तथा प्रतिबद्धता संकलन कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ३. | आवधिक प्रगति समिक्षा बैठक (त्रैमासिक) | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ४. | बालअधिकार, बाल संरक्षण तथा बालविवाह सम्बन्धि सरोकारवालाहरुलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५. | समुदाय, टोल र वडास्तरीय योजना तर्जुमा प्रक्रियामा बालबालिका, किशोरकिशोरी, आमासमूह, बालसंरक्षण समितिहरुको सहभागिता गरी बाल केन्द्रित योजना पहिचान एवं समावेश गर्ने | √ | √ | √ | √ | √ | बालक्लव, किशोरकिशोरी समूह, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभतू स्वास्थ्य सेवाविस्तार र सदुढीकरण | √ | √ | √ | √ | √ | स्वास्थ्यशाखा, गापा, वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| | किशोरीहरुका लागि महिनावारीको सरसफाई र छात्रामैत्री शौचालयको व्यबस्था | √ | √ | √ | √ | √ | स्वास्थ्य शाखा | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा विद्यालयर समदुाय तहका किशोरकिशोरी बीच बृहत यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको व्यवस्था, किशाेरकिशोरीलाई प्रजनन स्वास्थ्य तालिम, मनोसामाजिक परामर्श सेवा  स्वास्थ्य शिविर एवं प्रजनन स्वास्थ्य प्रदर्शनी | √ | √ | √ | √ | √ | स्वास्थ्यशाखा | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ६. | मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा | √ | √ | √ | √ | √ | विद्यालय,बाक्लव | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ७. | सडक नाटक, साँस्कृतिक कार्यक्रम र ऱ्याली संचालन | √ | √ | √ | √ | √ | बालक्लव,बालसंरक्षण समिति,किशोरी समूह | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ८. | बिहावारी २० वर्ष पारी अभियान संचालन | √ | √ | √ | √ | √ | किशोरी समूह,बालक्लव, विद्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ९. | बालविवाहविरुद्ध,पोस्टर पम्पलेट, होडिङ बोर्ड र भित्तेलेखन | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १०. | वैधानिक तथा सचेतनामूलक सन्देश प्रकाशन तथा प्रशारण (एफ.एम.रेडियो जिगंल) कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

**उद्देश्य नं. ३ संग सम्बन्धित बालविवाह विरुद्धमा बालबालिका, किशोरकिशोरी, अभिभावक, युवा सामुदायिक अगुवा, संघ संगठन आदिको क्षमता विकास गरि सबैको सक्रिय सहभागिताका साथ परिचालन गर्ने क्रियाकलापहरु :**वि.सं. २०८१ सम्ममा बालविवाह अन्त्य गर्नको लागि गेरुवा गाउँपालिकाका किशोरकिशोरी, अविभावक, सेवाप्रदायक, समुदायिक संयन्त्रको क्षमतामा विकास भई परिचालित भएका हुने छन् ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बालअधिकार, बेचबिखन, बालविवाह र बाल यौन दूर्व्यवहार सम्बन्धि समुदायमा तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| २. | बालअधिकार सुनिश्चित र निर्णय प्रक्रियामा बाल सहभागिता बृद्धिका लागि स्थानियस्तरका संग संस्थाहरुलाई अभिमुखी करण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ३. | बालक्लबका सदस्यहरुलाई बालअधिकार, बाल संरक्षण तथा बालमैत्री स्थानियशासन सम्बन्धि तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| | बालक्लव र किशोरी समूहको नेतत्व तथा क्षमता विकास | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा,वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ४. | समदुायमा आधारित संघसंस्था, विद्यालय शिक्षक, किशोरकिशोरी र सरोकारवाला निकायहरुको सामूहिक प्रतिवद्धता र आचार संहितानिर्माण गरी लागु गर्ने । | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५. | उत्कृष्ट बालक्लव, किशोरी तथा आमा समहूलाई सम्मान एवं पुरस्कार प्रदान | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ६. | टोल एवं बस्ती स्तरमा लैङ्गिक हिंसा र बालविवाह रोकथामका लागि घरदैलो/घुम्ती अभियान | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | बालक्लबका सदस्यहरुलाई नेतृत्वविकास सम्बन्धि तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ८. | अभिमुखिकरण कार्यक्रम (बालक्लब, किशोरी समूह, आमा समूह, अभिभावकहरु ) | √ | √ | √ | √ | √ | संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ९. | किशोरकिशोरी सचेतिकरण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १०. | मुद्दामा आधारित अतिरिक्त क्रियाकलाप विद्यालय तथा समुदायस्तरमा | √ | √ | √ | √ | √ | विद्यालय, बालक्लव | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ११. | पुरोहित, धामीझाक्री, मुखिया, अगुवाहरुलाई बालविवाह विरुद्ध अभिमुखीकरण एवं परिचालन | √ | √ | √ | √ | √ | वडा समिति, अभिभावकहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १२. | जीवन उपयोगी सीप तथाआत्मरक्षा सम्बन्धि बालबालिकाहरुलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १३ | विद्यार्थीहरुलाई बालअधिकार महासन्धी सम्बन्धि सचेतिकरण कार्यक्रम | √ | √ | √ | √ | √ | वडा कार्यालय, विद्यालयहरु र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १४ | विपद् जोखिम न्युनिकरण सम्बन्धि बालक्लबलाई तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय, विद्यालयहरु र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १५ | राजनैतिकदलका वडा स्तरीय प्रमुख तथा प्रतिनिधिहरुसँग नीतिगत वहस एवं बालविवाह विरुद्ध प्रतिवद्धता | √ | √ | √ | √ | √ | वडा कार्यालय, बिद्यालयहरु र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

**उद्देश्य: ४ र ५ संग सम्वन्धित कानुनी प्रक्रिया तथा बालमैत्री स्थानीय शासन र सहयोग गर्ने क्रियाकलापहरु :** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा सूचना र सञ्चारका विभिन्न माध्यम मार्फत् बालविवाह अन्त्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम एवं प्रचार प्रसार गरिएको हुनेछ । वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिका भित्रका न्यून आयश्रोत भएका अभिभावकहरु तथा विद्यालय विमुख किशोरकिशोरीहरु लघु उद्यम सम्बन्धी सीप प्राप्त गरी आयआर्जनमूलक क्रियाकलापमा सहभागी भई बालविवाह रोकिएको हुनेछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बालविवाह विरुद्धका घटनाहरु न्यायिक निकाय तथा प्रहरी, वडा कार्यालयहरुमा उजुरीको सहज पहुँच सुनिश्चित गर्ने । | √ | √ | √ | √ | √ | संस्थाहरु, बालक्लव, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु प्रहरी कार्यालय | |
| २ | सूचना, शिक्षा तथा संचार सामाग्री निर्माण र परिचालन स्टिकर, पोष्टर, पम्पलेट, चित्रकथा, रेडियो जिंगल, रेडियो नाटक श्रृखला वा अन्यकार्यक्रम, डकुमेन्ट्री, होर्डिङ, फ्ल्यास प्रिन्ट | √ | √ | √ | √ | √ | संस्थाहरु, बालक्लव, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ३ | विद्यालय विमुख किशोरकिशोरीहरुका लागि लघुउद्यमशिलता विकास तालिम ( कुखुरापालन, सिलाइकटाई, वाईरिङ, फर्निचर निर्माण, तरकारी खेती आदि ) | √ | √ | √ | √ | √ | वडा कार्यालय र सँथाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ४ | विपन्न परिवारका अभिभावकलाई व्यवसायिक सीप विकास तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५ | विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सम्वन्धविस्तार तथा सिफारिस संयन्त्रको विकास गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ६ | बालमैत्री स्थानियतह सम्बन्धीअभिमुखीकरण कार्यक्रम संचालन गर्ने तथा बालमैत्री वडा निमार्णका लागि योजनातर्जुमा गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | बालबालिका माथि हुने हरेक खाले भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट बालबालिकाले आफूलाई सुरक्षित राख्ने विषयमा तालिम तथा अन्तर्क्रिया संचालन गर्ने । बाल हेल्पलाईन १०९८, जिप्रका १००. र महिला बालबालिका सेवा केन्द्र १०४ बारे जानकारी | √ | √ | √ | √ | √ | बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ८ | सरकारी तथा गैरसरकारी निकायको सहभागितामा सेवा सुविधाबारे जोखिममा परेका बालबालिका र अभिभावकसँग छलफल गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ९ | बालवालिका विरुद्धका घटनाहरुमा घटना अध्ययन गर्ने (Case Study) | √ | √ | √ | √ | √ | संस्थाहरु, बालक्लब, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १० | घटनाहरुको सुचिकरण गर्ने | √ | √ | √ | √ | √ | संस्थाहरु, बालक्लव, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ११ | मनोसामाजिक सेवाप्रदान गर्ने | √ | √ | √ | √ | √ | संस्थाहरु, बालक्लव, बालसंरक्षण समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १२ | आकस्मीक बालकोषको संचालन कार्यविधिबनाई बालकोष स्थापना गर्ने | √ | √ | √ | √ | √ | वडा समिति | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| १३ | बिपन्न तथा कमजोर आर्थिक अवस्था भएका घरपरिवारलाई आर्थिक तथा जिविकोपार्जन सम्बन्धि सहयोग | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गाउँपालिका र वडा कार्यालय | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | किशोरीहरुलाई जीवन उपयोगि सीप तथा तालिम | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गाउँपालिका र वडा कार्यालय | |
| १५ | अनाथ बालबालिकाहरुलाई शैक्षिक तथा आर्थिक सहयोग | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गाउँपालिका र वडा कार्यालय | |
| **उद्देश्य: ६ संग सम्वन्धित समन्वयतथा सहकार्य गर्ने क्रियाकलापहरु :**वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा बालविवाह सम्बन्धी विद्यमान कानुनको प्रभावकारी कार्यान्वय नभएको हनेुछ । | | | | | | | | | |
| १. | समन्वय वैठक संचालन गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | वडा कार्यालय | |
| २. | सेवा प्रदायकहरुको पहिचान गरी स्रोत पहिचान गरी परिचालन गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | वडा कार्यालय | |
| ३. | तालिम, अन्तर्क्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | वडा कार्यालय | |
| ४. | वडा समिति,बालक्लव,बालसंरक्षण समिति,शिक्षक,अभिभावकहरुको सहभागितामा संयुक्तअनुगमन समितिको सहभागिता अनुगमनकार्य संचालन गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५. | नगरपालिका तथा वडा समितिले संयुक्तअनुगमन गर्ने | √ | √ | √ | √ | √ | वडा कार्यालय | वडा कार्यालय | |
| ६. | संचालित कार्यक्रमको आवधिक तथा मध्यावधिक मुल्याकंन गर्ने | √ | √ | √ | √ | √ | गापा.,वडा कार्यालय | वडा कार्यालय | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य:७ र ८ संग सम्वन्धित समन्वयतथा सहकार्य गर्ने क्रियाकलापहरु :** वि.सं. २०८१ सम्ममा गेरुवा गाउँपालिकामा, वडा तथा टोल, विद्यालयमा बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्रको निर्माण तथा पहिचान भई परिचालितभएका हनुछेन् ।<br>गेरुवा गाउँपालिकाको बालविवाह अन्त्यका लागि स्थानीय रणनीति योजना (२०७७- २०८१) कार्यान्वयनको निरन्तर अनुगमन, मूल्यांकन तथा अद्यावधिक भएको हुनेछ । | | | | | | | | | |
| १ | गाउँ र वडास्तरमा छुट्टाछुट्टै बालविवाह रोकथाम समन्वय समिति गठन, अभिमखुीकरण र परिचालन | √ | √ | √ | √ | √ | वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| २ | विद्यालय तहमा बाल संरक्षणका लागि समस्या एवं गुनासो सुनुवाई डेस्क गठन | √ | √ | √ | √ | √ | विद्यालय,वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ३ | किशोरकिशोरी सशक्तीकरण एवं लैङ्गिक हिंसा न्यूनीकरणका लागि उत्प्रेरक/सामाजिक परिचालकतोक्ने परिचालन गर्ने । | √ | √ | √ | √ | √ | विद्यालय,वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ४ | प्रत्येक टोल, बस्तीमा निगरानी समूह पहिचान र परिचालन | √ | √ | √ | √ | √ | बालक्लब,वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |
| ५ | घटना दर्ता, सुचना संकलन र अभिलेखीकरणका लागि सूचना अधिकारीको व्यबस्था | √ | √ | √ | √ | √ | गपा, वडा कार्यालय र संस्थाहरु | गापा, वडा कार्यालय र साझेदार संस्थाहरु | |

## १९. संक्षिप्त बजेट सिट :

| क्र.सं. | क्रियाकलाप | अनुमानित बजेट | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | जम्मा |
| १ | उद्देश्य नं. १ संग सम्बन्धित क्रियाकलापहरु | १९८००० | १९८००० | १९८००० | १९८००० | १९८००० | ९९०,००० |
| २ | उद्देश्य नं. २ संग सम्बन्धित क्रियाकलापहरु | ४२६००० | ४२६००० | ४२६००० | ४२६००० | ४२६००० | २,१३०,००० |
| ३ | उद्देश्य नं. ३ संग सम्बन्धित क्रियाकलापहरु | ३७२६०० | ३७२६०० | ३७२६०० | ३७२६०० | ३७२६०० | १,८६३,००० |
| ४ | उद्देश्य नं. ४ र ५ संग सम्बन्धित क्रियाकलापहरु | ३७८००० | ३७८००० | ३७८००० | ३७८००० | ३७८००० | १,८९०,००० |
| ५ | उद्देश्य नं. ६ संग सम्बन्धित क्रियाकलापहरु | १३४००० | १३४००० | १३४००० | १३४००० | १३४००० | ६७०,००० |
| ६ | उद्देश्य नं. ७ र ८ संग सम्बन्धित क्रियाकलापहरु | ५८००० | ५८००० | ५८००० | ५८००० | ५८००० | २९०,००० |
| **कुल जम्मा** | | **१७१७०००** | **१५६६६००** | **१५६६६००** | **१५६६६००** | **१५६६६००** | **१५६६६००** |

## २०. स्रोत व्यवस्थापन :

यस रणनीतिक योजनामा समावेश भएका कार्य सम्पन्न गर्नका लागि देहाय अनुसार कार्यनीतिहरु अवलम्बन गरिनेछ :

**२०.१** वडा कार्यालय, गाउँपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रोतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । वडा समिति, गाउँपालिका संचालित बालबालिका लक्षित कार्यक्रम यसै अर्न्तगत समाबेस रहनेछन् ।

**२०.२** यस रणनीतिक योजनाको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रित रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं संचालन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीयतह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्नका

लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ । यसको लागि वडा समिति तथा गाउँपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईनेछ । वडास्तरमा वडा बालसंरक्षण समिति, समुदायस्तरको बाल संरक्षण समिति, बालक्लब, किशोरी समूह, गैससको सहकार्यमा स्रोत परिचालन गरिनेछ ।

## २१. समन्वय, अनुगमन तथा मूल्याङ्कन :

गाउँपालिकाले सरोकारवाला सरकारी निकाय, स्थानीयतह, बालक्लब, किशोरी/बहिनी समूह, बालसंरक्षण समिति, गैर सरकारी संघसंस्था, अभिभावक, विद्यालय र बालबालिका लगायत सरोकारवाला निकायसँग यस रणनीतिको कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्नेछ ।

यस रणनीतिक योजनाको व्यावहारिक कार्यान्वयन तथा लक्ष्य प्राप्तिको लागि सरोकारवालाहरू तथा लक्षित समूहहरूको प्रत्यक्ष संलग्नतामा सहभागितामूलक अनुगमन परिपाटी विकास गरी व्यवहारमा ल्याईनेछ । यसका लागि स्थलगत अवलोकन तथा आवधिक समीक्षा बैठकहरू सञ्चालन गरिनेछन् । रणनीतिक योजनाको मूल्यांकनको लागि सरोकारवालाहरु, गाउँपालिका तथा वडा समितिले स्थलगत अध्ययन अवलोकन र आवश्यकता अनुसार मूल्यांकन कार्यशालाको संचालन गरी मध्यावधि मूल्यांकन गरिनेछ । मूल्यांकनको आधारमा प्राप्त सुझावको आधारमा योजनामा समसामयिक परिवर्तन गरी व्यवहारमा ल्याईनेछ ।

## २२. रणनीति कार्यान्वयनका लागि सम्बन्धित निकायको भुमिका :

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| १ | गाउँपालिका | • बालविवाह अन्त्य गर्नका लागि स्थानीय र राष्ट्रिय रणनीति बीच सामाञ्जस्यता कायम गरी कार्यान्वयन गर्ने ।<br>• रणनीतिका आधारमा कार्ययोजना तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।<br>• सम्बन्धित निकायहरु बीच समन्वय गरी गाउँपालिका भित्र बालविवाह विरुद्धका कार्यक्रमहरु एकीकृत रुपमा संचालनमा मद्दत पुऱ्याउने ।<br>• बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र प्रभावकारी विनियोजनको व्यवस्थापन गर्ने ।<br>• बालमैत्री वडा तथा गाउँपालिका स्थापना र विकासका लागि आवश्यक आर्थिक, भौतिक तथा नीतिगत व्यवस्था मिलाउने ।<br>• बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई विकेन्द्रित रुपमा बाँडफाँड गरी बालमैत्री वडा स्थापनामा सहयोग गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| | | ● बालविवाहको जोखिममा परेका वा पहिल्यै बालविवाहमा परेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयन गर्ने गराउने ।<br>● असहाय, अनाथ, अतिअशक्त, एवम, श्रममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी प्रोफाइल तयार गर्ने ।<br>● बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।<br>● बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने ।<br>● बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने । |
| २ | वडा कार्यालय | ● रणनीतिका आधारमा वडास्तरीय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।<br>● संघसंस्थाहरुको समन्वयमा बालविवाह अन्त्यका लागि वडा, विद्यालय तथा समुदायस्तरमा बालसंरक्षण संयन्त्रहरुको स्थापना, सबलीकरण र परिचालन गर्ने ।<br>● बालविवाह न्यूनीकरणका लागि विभिन्न सृजनात्मक अभ्यासहरु अपनाउने ।<br>● बालविवाह विरुद्धको अभियान संचालन गर्न विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी लगायत आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने ।<br>● वडालाई बालविवाह मुक्त बनाउन समन्वय, सहकार्य गर्ने र विविध कार्यक्रम संचालन गर्ने ।<br>● बालविवाहको जोखिममा परेका वा पहिल्यै विवाह भैसकेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयनमा जोड दिने ।<br>● बालविवाह गराउने परिवारलाई सेवा सुविधाबाट केही समय बञ्चित गराउने ।<br>● वडास्तरिय नीति, रणनीति, योजना, कार्यक्रम तर्जुमा गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।<br>● बाल संरक्षण सम्बन्धी वडास्तरीय कार्यको अनुगमन तथा मूल्याकंन गरी वडा कार्य समितिमा प्रतिवेदन पेश गर्ने ।<br>● वडास्तरीय बालबालिकाको स्थिति प्रतिवेदन वार्षिक रुपमा तयार पारी प्रकाशन गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| | | ● बालविवाह विरुद्ध जनप्रतिनिधि सहित घरदैलो अभियान संचालन गर्ने ।<br>● बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रमको प्रगति विवरण गाउँपालिकालाई पेश गर्ने ।<br>● बालविवाह नगर्ने, नगराउने र बालविवाह रोक्नमा अनुकरणीय काम गर्ने व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान र प्रोत्साहन गर्ने ।<br>● बालविवाहको निम्तोलाई अस्वीकार गरी रोक्न पहल गर्ने ।<br>● बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारीता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यकता अनुसार कार्यशैली तथा ढाँचामा सुधार ल्याउने । |
| ३ | गाउँपालिका स्तरीय बाल संरक्षण समिति | ● सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने गराउने ।<br>● वडामा बालबालिकाका क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लब, बाल संजालमञ्च/समूह, सामुदायिक निकायहरुको फेहरिस्त तयार पार्ने ।<br>● विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।<br>● बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।<br>● बालविवाहका घटना तथा बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह गरिदिने । यस्ता घटनाहरुको घटना अध्ययन एवं अध्यावधिक गर्ने ।<br>● जोखिममा रहेका बालबालिकाहरुलाई आकस्मिक सहयोगका लागि पहल गर्ने ।<br>● वडा बालसंरक्षण कोषको स्थापना तथा परिचालन गर्ने ।<br>● बालअधिकार, बालसंरक्षण र बालविवाहका विरुद्धमा वकालत गर्ने र वडा तहमा बालसंरक्षणलाई प्रभावकारी बनाई बालविवाह अन्त्यका लागि जुटेर काम गर्ने ।<br>● बालविवाहको जोखिममा परेका तथा पर्न सक्ने बालबालिकाको संभावित अध्ययन र घटना व्यवस्थापनलाई प्रभावकारि बनाउने ।<br>● समुदायमा रहेका बालक्लव, किशोरी/बहिनी समूह, बाल विवाह निगरानी समूहहरुको क्षमता अभिवृद्धि गर्ने, कार्ययोजना तयार गर्नको लागि आवश्यक सहयोग गरी उनीहरुको अभिभावकत्वको भूमिका निर्वाह गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| ४ | स्वास्थ्य संस्था | ● बालविवाहका कारणले बालिकाको स्वास्थ्यमा पर्न सक्ने शारीरिक तथा स्वास्थ्य समस्याहरु र आउन सक्ने असरका बारेमा समुदाय र विद्यालयस्तरमा जनचेतना जगाउने ।<br>● बालविवाहको विरुद्धमा समुदाय तथा परिवारस्तरमा परामर्शका लागि महिला स्वास्थ्य स्वयंम् सेविकाको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।<br>● स्वास्थ्य कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र कम उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश र सञ्चालन गर्ने ।<br>● बालविवाहको विरुद्धको विषय किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गरी संचालन गर्ने ।<br>● स्वास्थ्य केन्द्र र स्वास्थ्य क्लिनिकहरु मार्फत असहाय तथा आर्थिक रुपले विपन्न वर्गका बालबालिकाको लागि नि:शुल्क स्वास्थ्य सेवा तथा सुविधाको प्रबन्ध मिलाउने ।<br>● बालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको पहिचान गरी उनीहरु र उनीहरुको अभिभावकलाई परामर्श प्रदान गर्न महिला स्वास्थ्य स्यंम् सेविकाहरुलाई परिचालन गर्ने ।<br>● किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्यबारे जानकारी प्रदान गर्ने ।<br>● बालविवाह र स्वास्थ्य शिक्षा सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने । |
| ५ | विद्यालय र शिक्षकहरु | ● बालविवाह रोकथाम सम्बन्धी किशोरकिशोरी र अभिभावक बीच अन्तरसंवाद गरी साझा प्रतिवद्धता निर्माण गर्ने ।<br>● बालविवाहका प्रमुख कारण र असरबारे विद्यार्थी माझ नियमित छलफल गरी उनीहरुको ज्ञान, धारणा, अभिबृद्धि र व्यवहार रुपान्तरण गर्न सहयोग गर्ने ।<br>● सामाजिक विषयको अध्यापकलाई बाललविवाहका नकारात्मक पक्षहरुको बारेमा बालबालिकाहरुलाई अनुशिक्षण गर्ने गरी जिम्मेवार बनाउने ।<br>● बालबालिकाहरुलाई बालविवाह विरुद्ध परिवर्तनको संवाहक बनाउने ।<br>● बालअधिकार सम्वन्धी उजूरी बाकस संचालन तथा व्यवस्थापन गर्ने । |
| ६ | महिला तथा बालबालिका शाखा | ● बालविवाहको जोखिममा रहेका परिवारलाई सेवा सुविधा सरल तरिकाबाट उपलब्ध गराउने ।<br>● बालबालिकासँग सम्बन्धित नीति तथा कार्यक्रम बनाउने । |
| ७ | सञ्चार माध्यम | ● बालविवाहबाट बालबालिका, परिवार र समाजमा पर्ने नकारात्मक असर, कानुनी प्रावधानहरुलाई आम नागरिकहरुमा सूचना, संचार |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| | | संप्रेषण गर्ने एवं रेडियो नाटक, जिंगल, बहस कार्यक्रम निर्माण गरी प्रसारण गर्ने ।<br>● बालविवाह विरुद्धका कानूनी तथा नीतिगत प्रावधान काबारेमा समुदायस्तरमा संचेतना जगाउने खालका सामग्रीहरुको उत्पादन र प्रसारण तथा प्रकाशन गर्ने ।<br>● बालविवाहबाट बालबालिकाको जीवनमा पर्ने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानुन उल्लंघन गर्दा हुने सजाँयका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरुद्धको रुपमा आमनागरिकमा सचेतना गर्न आम संचारका माध्यम मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।<br>● बालविवाह विरुद्धका विषयमा नियमित लेख तथा रचनाहरु प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने । |
| ८ | किशोरकिशोरी समूह/युवाक्लब | ● समाजमा लैङ्गिक विभेद विरुद्ध संगठित आवाज उठाउने, बालविवाहका घटना भएको जानकारी पाएमा किशोरकिशोरी समूह र युवाक्लव मार्फत सम्बन्धित निकायमा जानकारी गराई कानुनी कारवाही प्रक्रिया अगाडि बढाउन दबाब दिने ।<br>● आफ्नो समूहमा उमेर नपुगी विवाह नगर्ने, नगराउने प्रतिबद्धता संकलन गरी विहावारी : २० वर्ष पारी अभियान संचालन गर्ने ।<br>● बालअधिकारका विषयमा र बालविवाह विरुद्ध सचेतनाका लागि नियमित रुपमा किशोरकिशोरीहरुसँग अन्तरक्रिया तथा छलफल गरी मासिक रुपमा प्रतिवद्धता र प्रतिवद्धता प्रगति घोषणा गर्ने ।<br>● बालविवाह र बालश्रमको जोखिममा रहेका बालबालिकाहरुको अभिभावकलाई भेट्ने र परामर्श तथा सुझाव सल्लाह मार्फत त्यस्ता घटना हुन नदिन आवश्यक पहल गर्ने ।<br>● बालविवाहलाई रोक्ने प्रयास गर्दागर्दै पनि घटना घटेको खण्डमा नजिकको प्रहरी कार्यालय, बालसंरक्षण समिति वा वडा/गाउँपालिका कार्यालयमा उजुरी गर्ने र आवश्यक कारवाहीको लागि वकालत गर्ने । |
| ९ | परिवार/अभिभावक | ● आफ्ना छोराछोरीको उचित हेरचाह, संरक्षणको साथै मार्गदर्शन प्रदान गर्ने ।<br>● बालबालिकाहरुको साथी समूह बीचको क्रियाकलापहरुको निगरानी गरी उनीहरुको इच्छा, चाहना र आवश्यकतालाई पूरा गर्न सहयोग गर्ने ।<br>● परिवार र समुदायमा उमेर नपुगी हुने विवाहलाई रोक्न प्रतिबद्ध रहने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
| --- | --- | --- |
| | | ● आफ्नो बालबालिकालाई नियमित विद्यालय पठाउने र आवश्यक पोषाक, शैक्षिक सामग्री लगायत घरमा पनि पढ्ने वातावरण मिलाउने ।<br>● बालबालिकाका कुरा सुन्ने, बुझ्ने, उचित मार्ग निर्देशन दिने, स्याबासी र हौसला प्रदान गर्दै निर्णय प्रक्रियामा सहभागी गराउने ।<br>● स्वास्थ्य, सरसफाई अनुशासन लगायतका विषयमा व्यवहारिक ज्ञान दिने ।<br>● पारिवारिक विभेदको अन्त्य गरी बालमैत्री घरको विकास गर्ने ।<br>● किशोरावस्थामा पुगेका बालबालिकाहरुसँग मित्रवत् व्यवहार गर्ने, उनीहरुका समस्यालाई उच्च प्राथमिकतामा राख्ने र उचित मार्गदर्शन प्रदान गर्ने ।<br>● आफ्नो बालबालिकाहरुको संगत कस्तो व्यक्तिसँग भइरहेको छ, विद्यालय नियमित छन् कि छैनन्, पढाईमा कत्तिको रुचिदिइरहेका छन्, समयमै घरमा आउने गरेको छ कि छैन, अकस्मात कुनै व्यवहारिक परिवर्तन आएको त छैन भन्ने जस्ता कुराहरुको नियमित ख्याल गर्ने र यदि केही कुरामा समस्या देखिएको छ भने तुरुन्तै समाधानको प्रयासमा लाग्ने । |
| १० | प्रहरी कार्यालय | ● प्रहरी चौकीहरु मार्फत वडा स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>● प्रहरी कार्यालयले बालविवाहका मुद्दालाई प्राथमिकताका साथ दर्ता गरी अनुसन्धान र अभियोजन प्रक्रियालाई सक्रियतापूर्वक बढाउने ।<br>● शान्ति सुरक्षाको प्रत्याभूति गर्ने ।<br>● बालबालिकालाई शोषण गर्ने तथा बालअधिकारको बर्खिलाप गर्नेलाई आवश्यक कानुनी दायरा भित्र ल्याई कारवाही गर्ने । |
| ११ | गैर सरकारी संस्था | ● बालविवाहको जोखिम समुदाय र क्षेत्रमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।<br>● वडास्तरमा बालविवाह न्यूनीकरण कार्यक्रम तथा योजना निर्माण र कार्यान्वयन प्रक्रियामा सहयोग गर्ने, बालक्लव तथा समुदायतहका सरोकारवालाको क्षमता अभिवृद्धिमा सहयोग पुर्‍याउने । स्रोतको खोजी गरी वडा कार्यालय र गाउँपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने ।<br>● बालविवाह अन्त्यका लागि बनेको स्थानीयस्तरको रणनीतिलाई सफल पार्नका लागि बालसंरक्षण सम्बन्धि संयन्त्रहरुको स्थापना, सबलीकरण, क्षमता विकास र परिचालनमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| | | ● बालविवाहको अन्त्यका लागि स्थानीय सरकारसँगको सहकार्यमा विविध किसिमका कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।<br>● बालविवाह विरुद्ध पैरवी तथा सचेतनामूल कार्यक्रमहरु संचालन गर्ने ।<br>● बालविवाहको अन्त्य गर्ने कार्यमा गाउँपालिका, वडा, विद्यालय र समुदायस्तरमा विभिन्न संरचनासँग सहकार्य गर्ने ।<br>● बालविवाहका घटनाहको उजुरी भएको अवस्थामा कानुनी उपचार तथा प्रक्रियाका बारेमा सहयोग गर्ने । |
| १२ | महिला आमा समूह | ● आफ्नो टोल, समुदायमा बालविवाह हुन नदिन सामूहिक छलफल एवं घरदैलो कार्यक्रम गर्ने ।<br>● बालविवाहको जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र समाजका अरु सदस्यहरुलाई पनि त्यस्तो नगर्न प्रोत्साहन गर्ने ।<br>● किशोरीहरु दुलही होइनन् भन्ने मान्यतालाई आत्मसाथ गरी प्रजनन स्वास्थ्य सुधारमा स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।<br>● बालबालिकालाई विद्यालय पठाउने कार्यमा सहयोग गर्ने ।<br>● आ-आफ्नो टोल, संगठन, क्षेत्रमा बालबालिकाको हक अधिकार स्थापना गर्न कार्यक्रम बनाई विविध कार्यक्रम गर्ने र अनुगमन समेत गर्ने ।<br>● बालबालिका सम्बन्धी सही सूचना राख्ने र आवश्यकता बमोजिम संप्रेषण गर्ने । |
| १३ | महिला स्वास्थ्य स्यंसेवक | ● बालबालिकाहरुको स्वास्थ्य निरीक्षण, घरदैलो अभियान संचालन गर्ने ।<br>● बालविवाह विरुद्ध सूचना प्रवाह गर्ने ।<br>● शिशुहरुको खोपमा पहुँच वृद्धि गर्ने ।<br>● स्वास्थ्य सुचना तथा सेवा प्रवाह गर्ने । |
| १४ | राजनैतिक दल | ● बालविवाह रोक्न आवश्यक पहल गर्ने ।<br>● सरोकारवाला सबैलाई सल्लाह सुझाव दिने ।<br>● बालविवाह सम्बन्धी आचारसंहिता निर्माण र कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।<br>● बालविवाह अन्त्यका लागि समान अवधारणा बनाउने ।<br>● बालविवाह अन्त्यका लागि नेतृत्व लिने र नीतिनियमको विकास गर्ने । |
| १५ | बालक्लब/बाल संजाल | ● बालक्लबमा आवद्ध बालबालिकाहरु बालविवाहमा संलग्न हुने ।<br>● बालविवाह बिरुद्ध अभियान संचालनका लागि आचारसंहिता निर्माण गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
| --- | --- | --- |
| | | • गाउँ तथा वडास्तरमा बालविवाह बिरुद्ध अभियान संचालन तथा परामर्श गर्ने ।<br>• बालविवाह हुन लागेको वा भएकोमा निगरानी गर्ने एवं वडा कार्यालय र प्रहरी कार्यलयमा सूचना तथा जानकारी दिने ।<br>• विद्यार्थी आचार संहिता निर्माण गरी कार्यान्वयनमा गर्ने गराउने ।<br>• विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको तर्जुमा तथा संचालनमा नेतृत्वदायी भूमिका खेल्ने ।<br>• कक्षा मोनिटरसँग मासिक रुपमा बैठकहरु गरी विद्यालय नियमित नहुने, पूरा समय विद्यालयमा नबस्ने, पढाइमा कमजोर, विद्यालय अनुशासनमा नरहने, बालविवाह, बालश्रम र विद्यालय ड्रप आउटको जोखिममा रहेका बालबालिकाहरु पत्ता लगाई आवश्यक छलफल तथा परामर्श मार्फत समस्या समाधान गर्न विद्यालय तथा बालसंरक्षण समितिलाई सहयोग गर्ने । |
| १६ | धार्मिक गुरू तथा पुरोहित | • बालविवाह विरुद्धमा आवाज उठाउने धर्म गुरूहरूको वडा गत समिति गठन गर्ने ।<br>• बालअधिकार र बालविवाहको जनचेतना कार्यक्रम गर्ने ।<br>• विवाह गर्नु वा गराउनु अघि घरमुलीसँग उमेर सोधेर २० वर्ष कटेको सुनिश्चित भएपछि मात्र विवाह गर्न अनुमति दिने ।<br>• घरमुलीलाई बालविवाह हुने अवस्था देखिएमा कानुनको दण्ड सजायँबारे जानकारी दिने ।<br>• बालविवाहको असर र नकारात्मक प्रभावबारे सूचित गराउने ।<br>• पूजा पाठ आदि गर्न समुदायमा जाँदा बालविवाहबारे सचेतना गर्न सहयोग गर्ने ।<br>• बालविवाह गैरकानुनी हो भन्ने कुरा अनुयायीहरू र सर्वसाधारणलाई बताउने ।<br>• केटा र केटी दुवैको २० वर्ष उमेर नपुगी विवाह गर्न सल्लाह नदिने ।<br>• बालविवाहबाट हुने सामाजिक र शारीरिक हानीबारे जनचेतना फैलाउने । |
| १७ | बालविवाह निगरानी समूह | • विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरु समुदायस्तरमा संचालनमा नेतृत्व गर्ने ।<br>• बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।<br>• बालविवाहको जोखिममा रहेका बालबालिकाहरुको पहिचान गर्ने र बालविवाहका घट्नाहरु रोक्नका लागि सम्बन्धित बालबालिका र उनीहरुको परिवारलाई परामर्श तथा सल्लाह प्रदान गर्ने । |

| क्र.सं. | सरोकारवाला निकाय | भुमिका |
|---|---|---|
| | | ● बालविवाहका घटना तथा बालअधिकार हनन्का घट्नाहरु रोक्न खोज्दाखोज्दै पनि घटेमा सम्बन्धित निकायमा उजुरी गर्ने र उजुरी उपर समन्वयकारी भूमिका निर्वाह गरिदिने ।<br>● बालविवाह मुक्त गाँउ वा समुदाय घोषणा प्रक्रियामा आवश्यक सहयोग गर्ने । |

## २३. बालविवाह अन्त्यका लागि सन्देशहरू

रणनीतिक योजना तर्जुमा गोष्ठीबाट तय गरिएका निम्न सन्देशहरुलाई गाउँपालिका तहमा बालविवाहको अन्त्यका लागि सुचना प्रवाह गर्न प्रयोग गरिनेछ ।

| बालविवाह अन्त्यका लागि गेरुवा गाउँपालिकाका सन्देशहरू |
|---|
| ○ गेरुवाको शान : बालविवाह मुक्त अभियान |
| ○ पाँच वर्ष भित्र : बालविवाह मुक्त |
| ○ बालविवाह मुक्त बालबालिका : समृद्ध गेरुवा गाउँपालिका |
| ○ हाम्रा बालबालिका : बालविवाह मुक्त गेरुवा गाउँपालिका |
| ○ बालविवाह मुक्त परिकल्पना गरौं : हाम्रो गाउँपालिकाको सपना साकार पारौं |
| ○ बालविवाह हटाऔं : समृद्ध गाउँपालिका बनाऔं |
| ○ सुन्दर, शान्त र समृद्ध संस्कार : सुरक्षित, संरक्षित र सुनिश्चित बालअधिकार |
| ○ बालविवाह मुक्त घर : अब छैन कुनै डर |
| ○ विहावारी : बीस वर्ष पारी |
| ○ सारा गेरुवा जागौं : बालविवाह विरुद्ध लागौं |
| ○ गेरुवा गाउँपालिको गन्तव्य : बालविवाह मुक्त हाम्रो कर्तव्य |
| ○ हाम्रो चाहना : बालविवाह मुक्त समाजको सिर्जना |
| ○ बालविवाह मुक्त गाउँपालिकाको सपना साकार : समृद्ध नेपाल निर्माणको आधार |
| ○ स्वस्थ, समुन्नत र शिक्षित गेरुवा हाम्रो चाहना : पूर्ण बालअधिकार्युक्त समाज निर्माण हाम्रो कामना |
| ○ हामी सबैको प्रतिवद्धता : बालविवाह विरुद्धको हाम्रो जवाफदेहिता |
| ○ तनदेखि मनसम्म सबै जना जागौं : बालअधिकारको संरक्षणमा आजै देखि लागौं |

## २४. बाल संरक्षण आचार संहिता

गेरुवा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, बाल संरक्षण समितिहरुका पदाधिकारी तथा सदस्यहरु, शिक्षक र बाल संरक्षण कार्यसँग सम्वन्धित यस गाउँपालिकाका सबै व्यक्तिले गर्नै नहुने कार्यहरु निम्न रहेका छन् :

**२४.१** बालबालिकालाई पिट्ने वा शारीरिक रुपमा आक्रमण वा शारीरिक दुर्व्यवहार गर्ने,

**२४.२** बीस वर्षभन्दा कम उमेरको कसैसँग पनि शारीरिक रूपमा परिपक्वता र सहमति भए पनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने,

**२४.३** बालबालिकासँग कुनै पनि प्रकारको शोषणजन्य वा दुर्व्यवहार ठहर हुनसक्ने सम्बन्धको विकास गर्ने,

**२४.४** कुनै प्रकारको दुर्व्यवहार ठहर हुनसक्ने खालको क्रियाकलाप वा बालबालिकालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने,

**२४.५** अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने,

**२४.६** अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने,

**२४.७** बालबालिकाले आफैले गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरु गरिदिने,

**२४.८** बालबालिकाको कुनैपनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने,

**२४.९** कुनै पनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका क्रियाकलाप गर्ने,

**२४.१०** कुनै पनि बालबालिका प्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरी खास बालबालिकालाई बढी सहयोग गर्ने,

**२४.११** अरुभन्दा टाढा बालबालिकासँग अनावश्यक रुपमा धेरै समय विताउने,

**२४.१२** अनुचित व्यवहारको आरोप आउने जोखिम पूर्ण परिस्थितिमा आफुलाई पार्ने ।

# सन्दर्भ सामग्रीहरूः


बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति-२०७२

नेपालको संविधान-२०७२

मुलुकी अपराध संहिता ऐन-२०७४:

बालबालिका सम्बन्धी राष्ट्रिय नीति-२०६९ :

समग्र राष्ट्रिय कार्ययोजना (२०७०।०७१-२०७४।०७५)

स्थानीय सरकार सञ्चालन ऐन-२०७४

बालबालिका सम्बन्धि ऐन-२०७५

नेपालमा बालबालिकाहरुको स्थिति-२०७५

संयुक्त राष्ट्रसंघिय बालअधिकार सम्बन्धी महासन्धि-१९८९

स्थानीय तहमा बाल संरक्षण

नेपालको चौधौं योजना

नगरपालिका, गाउँपालिका तथा वडा कार्यालयका अभिलेखहरु

बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्य विधी २०६८

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५

# अनुसूचीहरु

## अनुसूची-१ : विवाहको विवरण संकलन सम्बन्धी सामान्य तथ्यांक संकलन फाराम–२०७७

(मिति २०७३ साल वैशाखदेखि यो फाराम भर्दाको मितिसम्ममा भएका सम्पूर्ण विवाह भएकाहरुको तथ्यांक यस फाराममा संकलन गरिने छ ।)

गाउँपालिका.................................................................................... वडा नम्बर.............
......................................टोलको नाम...................................................................

| विवाह नं. | विवाह गर्ने व्यक्तिको नाम थर | लिङ्ग | बुवा! आमा को नाम थर | विवाहको मिति | | बिवाह गर्दाको उमेर | बिवाह गर्दाको अध्ययन रत कक्षा | अध्यय नरत विद्या लय | बिवाहको मुख्यकारण | बिवाहको प्रकार | हालको अवस्था | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | बच्चापाएको भएमा | | स्वास्थ्य अवस्था | |
| | | | | साल | महिना | | | | | | पढ्दै गरेको भएकक्षा | पेशा | बिवाह दर्ता | पहिलो बच्चा पाउँदा को उमेर | जन्मदर्ता गरेको | आमा र बच्चाको (मृत्युभए त्यसको रेकर्ड) | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सर्भेक्षणकर्ताको

नाम थर:..............................

........................................

ठेगाना:...............................

........................................

सर्भेक्षणको मिति:.....................

........................................

हस्ताक्षर:.............................

........................................

सम्पर्क नम्वर: .......................

........................................

विवाहको मुख्य कारणहरु:

(क) परिवारको करकापमा परेर
ख) साथीहरुको लहलहैमा लागेर
ग) अभिभावकले लालनपालन गर्न नसक्दा
घ) राम्रो घर पाएको हुँदा
ङ) सुरक्षित भविष्य निर्माणका लागि
च) राम्रोसँग पढ्न नपाँउदा
छ) सानो उमेरमा गरेको विवाह राम्रो हुन्छ भन्ने भनाईका कारण
ज) मोबाइल, फेसबुक तथा इन्टरनेटको प्रभावका कारण
झ) मेला र जात्राहरुको प्रभावका कारण
अन्य.......................................
अन्य..........................................)

विवाहको प्रकार

क) मागी विवाह
ख) भागी विवाह
ग) प्रेम विवाह
घ) अन्य..........

# अनुसुची-२

## लक्षित समूह छलफल

<table>
<tr><td colspan="2">१. बालविवाह सम्बन्धि रहेका विद्यमान कारणहरु : (निम्नप्रश्नहरु सोध्नुहोस् ।)</td></tr>
<tr><td>१.१ बालविवाहका मुख्य कारणहरु के के हुन् ?<br><br>१.२ के आधुनिक प्रविधिको प्रयोग जस्तै मोबाइल, फेसबुक, इन्टरनेट इत्यादि बालविवाहको कारणको रुपमा उपस्थित भएको छ ?</td><td>१.३ बालविवाहका देखिएका प्रभावहरु के के हुन् ?<br>शिक्षा<br>स्वास्थ्य<br>सामाजिक, आर्थिक<br>रोजगारी<br>खाद्य सुरक्षा<br>बैवाहिक सम्बन्ध<br>महिला हिंसा<br>सानै उमेरमा बच्चा जन्मिनु, भावनात्मक, इत्यादि ।</td></tr>
<tr><td colspan="2">नोट : (कृपया छलफलको सार लेख्नुहोस्)</td></tr>
<tr><td colspan="2">२. बालविवाहको प्रचलित र बदलिंदो अवधारणा तथा स्वरुप :</td></tr>
<tr><td colspan="2">२.१ तपाईको समुदायमा बालविवाहको विद्यमान अवस्था के छ ?<br>२.२ बालविवाहको दरमा पहिले र अहिले बीच कत्तिको फरक पाइन्छ ?<br>२.३ समुदायमा बालविवाहको स्वरुपमा के कस्ता परिवर्तनहरु आएका छन् ?<br>२.४ बालविवाहका सबैभन्दा प्रचलित प्रकारहरु के के हुन् ?<br>२.५ के त्यहाँ कुनै क्षेत्र वा जातिय समूह छन् जहाँ बालविवाहको संख्या भैरहने वा उच्च छ ? यदि छ भने ती को हुन् ?</td></tr>
<tr><td colspan="2">नोट : (कृपया छलफलको सार लेख्नुहोस् ।)</td></tr>
<tr><td colspan="2">३. कानूनी सबलीकरणका अभ्यासहरु तथा बालविवाह निर्मुलीकरणमा सुधार गर्नुपर्ने क्षेत्र :</td></tr>
<tr><td colspan="2">३.१ के समुदायका मानिसहरुलाई थाहा छ कि बालविवाह गर्नु गराउनु दण्डनिय छ ?<br>३.२ के समुदायमा बालविवाह विरुद्ध कानूनी सबलीकरणमा कुनै कार्यक्रमहरु चलिरहेको छ ?<br>३.३ के प्रहरी तथा प्रशासन कार्यालयमा बालविवाह सम्बन्धी कुनै घटना दर्ता भएका छन् ? त्यस्ता बालविवाहका घट्ना बिरुद्ध कुनै कारवाही भएको छ ?<br>३.४ के बालविवाह बिरुद्ध कारवाही गर्नलाई कुनै कानूनी अवरोध छ ?</td></tr>
<tr><td colspan="2">नोट : (कृपया छलफलको सार लेख्नुहोस्)</td></tr>
<tr><td colspan="2">४. बालविवाह बिरुद्ध आगामी योजना राम्रा कार्यक्रमहरु, अभ्यासहरु तथा पहलहरु :</td></tr>
</table>

| |
|---|
| ४.१ भविष्यमा बालविवाह बिरुद्ध परिणाममुखी सबैभन्दा राम्रा कार्यक्रमहरु, अभ्यासहरु तथा पहलहरु के हुन सक्छ ? कृपया तलका प्रत्येक विषयमा विशिष्ट कार्यक्रमहरु उल्लेख गर्नुहोस् ।<br>बाल संरक्षण संयन्त्र सबलीकरण तथा परिचालन :<br>क्षमता अभिवृद्धि :<br><br>सचेतीकरण :<br><br>बालविवाह घटना व्यवस्थापन : |
| नोट : (कृपया छलफलको सार लेख्नुहोस्) |
| ५. बालविवाह अन्त्यका लागि विभिन्न इकाईको भूमिकाहरु : |
| ५.१ कृपया तल उल्लेखित विभिन्न इकाईहरुको बालविवाह अन्त्य तथा यस क्षेत्रलाई बालविवाह मुक्त क्षेत्र बनाउन खेल्नु पर्ने बिहिष्ट भूमिका उल्लेख गनुहोस् । |
| नोट : (कृपया प्रत्येक इकाईपछि लेख्नुहोस्)<br>१) बाल संरक्षण समिति :<br><br>२) बालक्लब :<br><br>३) गाउँपालिका/वडा कार्यालय :<br><br>४) स्थानीय प्रहरी कार्यालय :<br><br>५) विद्यालय :<br><br>६) स्वास्थ्य चौकी :<br><br>७) वि.व्य.स./शि.अ.सं. :<br><br>८) सामाजिक संस्थाहरु, इत्यादि : |

# अनुसुची-३ :

## के आईआई प्रश्नावली (स्वास्थ्यचौकीं) (मुख्य व्यक्तिहरूसंगको अन्तर्वार्ताका लागि प्रश्नावली)

१. बालविवाहले निम्त्याएको प्रमुख स्वास्थ्य सम्बन्धि समस्याहरु वा मुद्दाहरु के के हुन् ?

क)

ख)

२. के तपाई २ वर्षको अवधिमा कतिओटा घटना भए भन्न सक्नुहुन्छ ? (बैशाख २०७३ देखि अहिलेसम्म)

क) मृत बच्चा जन्मिएको (Stillbirth) =

ख) गर्भमै तुहिएको (Miscarries) =

ग) पाठेघर सम्बन्धि समस्या (Uterus Problem)=

घ) जन्मिएको १ बर्षभित्र बच्चाको मृत्यु भएको (Infant Mortality) =

ङ) मातृ मृत्युदर (Maternal Mortality) =

च) कम तौल भएको बच्चाहरु (Low weight babies) =

३. बालविवाह अन्त्यका लागि सबैभन्दा राम्रा क्रियाकलाप/कार्यक्रम के हुन सक्छन् ?

क)

ख)

४. चाँडै विवाह गर्ने जोडीहरु आफ्नो र बच्चाको हेरचाह सम्बन्धि कति सचेत हुन्छन् ?

क)

ख)

५. समुदायमा बालविवाह अन्त्य गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुको के भूमिका हुन सक्छ ?

क)

ख)

६. बालविवाह अन्त्यका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सक्रिय पार्न कस्तो प्रयास आवश्यक हुन्छ ? तिनीहरुको क्षमता कसरी बढाउन सकिन्छ ?

क)

ख)

# अनुसुची-४ :

# गेरुवा गाउँपालिकामा गरिएको सर्वेक्षणको विश्लेषण

**१. उत्तरदाताहरूको विवरण :**

गेरुवा गाउँपालिकामा वि.स. २०७७ साल कार्तिक महिनामा बालविवाहको अवस्थाका बारेमा २५१ घर परिवारमा सर्वेक्षण गरिएको थियो जस मध्ये १०५ जना पुरुष र १४६ जना महिला उत्तरदाता रहेका थिए ।

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २३ | १५ | ३८ |
| २ | २२ | १३ | ३५ |
| ३ | ५ | २९ | ३४ |
| ४ | ३२ | १५ | ४७ |
| ५ | १३ | ३७ | ५० |
| ६ | १० | ३७ | ४७ |
| **जम्मा** | **१०५** | **१४६** | **२५१** |

**२. उत्तरदाताको जातिगत विवरण :**

| वडा नं. | आदिवासी/जनजाति | दलित | ब्राह्मण/क्षेत्री | जम्मा |
|---|---|---|---|---|
| १ | २८ | ७ | ३ | ३८ |
| २ | २८ | २ | ५ | ३५ |
| ३ | ३१ | ० | ३ | ३४ |
| ४ | ३० | ३ | १४ | ४७ |
| ५ | ४२ | २ | ६ | ५० |
| ६ | ३७ | ३ | ७ | ४७ |
| **जम्मा** | **१९६** | **१७** | **३८** | **२५१** |

**३. उत्तरदाताको धर्म सम्बन्धी विवरण :**

| वडा नं. | बौद्ध | मुस्लिम | हिन्दु | जम्मा |
|---|---|---|---|---|
| १ | १ | ० | ३७ | ३८ |
| २ | ० | १ | ३४ | ३५ |
| ३ | ० | ० | ३४ | ३४ |
| ४ | ० | ० | ४७ | ४७ |
| ५ | ० | ० | ५० | ५० |
| ६ | ३ | ० | ४४ | ४७ |
| **जम्मा** | **४** | **१** | **२४६** | **२५१** |

**४. उत्तरदाताको शैक्षिक योग्यता सम्बन्धी विवरण :**

| वडा नं. | अनौपचारिक | आधारभूत तह | एमावि तह | एसएलसी/ एस.ई.ई. पास | निरक्षर | स्नातक तह वा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १२ | १५ | ५ | ३ | २ | ५ | ३८ |
| २ | ८ | १५ | १ | ६ | ४ | १ | ३५ |
| ३ | ५ | ७ | १ | ६ | १४ | १ | ३४ |
| ४ | ६ | १७ | ८ | १४ | १ | १ | ४७ |
| ५ | १७ | १४ | ६ | ८ | ४ | १ | ५० |
| ६ | २० | १४ | २ | ७ | ४ | ० | ४७ |
| **जम्मा** | **६८** | **८२** | **२३** | **४४** | **२९** | **५** | **२५१** |

**५. उत्तरदाताको घरको आम्दानीको मुख्य श्रोत सम्बन्धी विवरण :**

| क्र.सं. | कारण | संख्या |
|---|---|---|
| १ | कृषि | १६७ जना |
| २ | दैनिक ज्याला मजदुरी | ४० जना |
| ३ | व्यापार | २५ जना |
| ४ | दक्ष मजदुर | ७ जना |
| ५ | जागिर | ९ जना |
| ६ | वैदेशिक रोजगारी | ३ जना |
| **जम्मा** | | **२५१ जना** |

**६. गेरुवा गाउँपालिकामा वि.स. २०७७ साल कार्तिक महिनामा विगत ५ वर्ष यता (वि.सं.२०७२ बैशाख देखि २०७७ साल कार्तिक)सम्म २५१ घरधुरीमा गरेको सर्वेक्षणमा ९७ जनाको बालविवाह भएको देखिन्छ ।**

| वडा नं. | बालविवाह भएको | बालविवाह नभएको | जम्मा सर्वेक्षण |
|---|---|---|---|
| १ | १६ | २२ | ३८ |
| २ | १४ | २१ | ३५ |
| ३ | १३ | २१ | ३४ |
| ४ | १९ | २८ | ४७ |
| ५ | २० | ३० | ५० |
| ६ | १५ | ३२ | ४७ |
| **जम्मा** | **९७** | **१५४** | **२५१** |

**७. गेरुवा गाउँपालिकाको २५१ घरधुरीमा गरिएको सर्वेक्षण अनुसार समुदायमा बालविवाह**

| वडा नं. | चेतनाको कमी | परिवारको कमजोर आर्थिक अवस्था तथा गरिबी | सामाजिक चलन | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ९ | १३ | ७ | ९ | ३८ |
| २ | २० | २ | ६ | ७ | ३५ |
| ३ | ९ | ० | ८ | १७ | ३४ |
| ४ | ९ | २ | २२ | १४ | ४७ |
| ५ | १० | १८ | १५ | ७ | ५० |
| ६ | १० | ४ | ९ | २४ | ४७ |
| **जम्मा** | **६७** | **३९** | **६७** | **७८** | **२५१** |

**८. गेरुवा गाउँपालिकाको २५१ घरधुरीमा गरिएको सर्वेक्षण अनुसार समुदायमा रहेको बालविवाहका प्रचलनहरूहरू :**

| वडा नं. | भागि/प्रेमविवाह | मागि परिवारको सहमतिमा | जम्मा |
|---|---|---|---|
| १ | ३७ | १ | ३८ |
| २ | २५ | १० | ३५ |
| ३ | २९ | ५ | ३४ |
| ४ | ४३ | ४ | ४७ |
| ५ | ४१ | ९ | ५० |
| ६ | ४३ | ४ | ४७ |
| **जम्मा** | **२१८** | **३३** | **२५१** |

**९. गेरुवा गाउँपालिकाको २५१ घरधुरीमा गरिएको सर्वेक्षण अनुसार कानुनी रूपमा कति वर्ष उमेर पुगे पछि मात्र विवाह गर्न मिल्छ थाहा छ :**

| वडा नं. | थाहा छ | थाहा छैन | जम्मा |
|---|---|---|---|
| १ | २६ | १२ | ३८ |
| २ | ३० | ५ | ३५ |
| ३ | २८ | ६ | ३४ |
| ४ | २५ | २२ | ४७ |
| ५ | ४२ | ८ | ५० |
| ६ | ४५ | २ | ४७ |
| **जम्मा** | **१९६** | **५५** | **२५१** |

**१०. बालविवाह गर्ने बालक तथा बालिकाका विवरण :**

| वडा नं. | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| १ | ६ | १० | १६ |
| २ | ३ | ११ | १४ |
| ३ | ७ | ६ | १३ |

| | | | |
|---|---|---|---|
| ४ | १२ | ७ | १९ |
| ५ | ६ | १४ | २० |
| ६ | ३ | १२ | १५ |
| **जम्मा** | **३७** | **६०** | **९७** |

**११. बाल विवाह भएको उमेरगत विवरण :**

| वडा नं. | १४वर्ष | १५वर्ष | १६वर्ष | १७वर्ष | १८वर्ष | १९ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | २ | १ | ४ | ६ | ३ |
| २ | | | २ | | ४ | ४ | ४ |
| ३ | | १ | | | ३ | ५ | ४ |
| ४ | | | १ | २ | ४ | २ | १० |
| ५ | | २ | ३ | ४ | ३ | ५ | ३ |
| ६ | | २ | १ | २ | ७ | २ | १ |
| **जम्मा** | **१** | **५** | **९** | **९** | **२५** | **२४** | **२४** |

**१२. बालविवाह गरेकोले आफुहरुले बालविवाह गर्नुको मुख्यमुख्य कारणहरू यस प्रकार रहेको बताए:**

| क्र.सं. | कारण | संख्या |
|---|---|---|
| १ | साथीहरुको लहैलहैमा | ५३ जना |
| २ | सामाजिक संजाल, फेसबुक, इन्टरनेटको प्रभावले | १२ जना |
| ३ | सुरक्षित भविष्य निर्माणका लागि | ११ जना |
| ४ | परिवारको करकापमा | ५ जना |
| ५ | अभिभावकले लालन पालन गर्न नसकेर | ४ जना |
| ६ | राम्रो घर पाएकोले | ४ जना |
| ७ | अन्य कारण | ६ जना |
| **जम्मा** | | **८२ जना** |

**१३. बालविवाह गरेकाहरूको बालविवाहको किसिम :**

| वडा नं. | मागि विवाह | भागि विवाह | प्रेम विवाह | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | १३ | १ | १६ | २ |
| २ | १ | ८ | ५ | १४ | १ |
| ३ | २ | ९ | २ | १३ | २ |
| ४ | ६ | ३ | १० | १९ | ६ |
| ५ | २ | १८ | | २० | २ |
| ६ | २ | ११ | २ | १५ | २ |
| **जम्मा** | **१५** | **६२** | **२०** | **९७** | **१५** |

**१४. बालविवाह पछि विद्यालय छाडेको नछाडेको विवरण :**

| वडा नं. | नछोडेको | छोडेको | जम्मा |
|---|---|---|---|
| १ | ५ | ११ | १६ |
| २ | ४ | १० | १४ |
| ३ | ५ | ८ | १४ |
| ४ | ७ | १२ | १९ |
| ५ | १० | १० | २० |
| ६ | १ | १४ | १५ |
| **जम्मा** | **३२** | **६५** | **९७** |

**१५. बालविवाह गरेकोमा पछुतो लागेको नलागेको :**

| वडा नं. | लागेको | नलागेको | जम्मा |
|---|---|---|---|
| १ | १२ | ४ | १६ |
| २ | | १४ | १४ |
| ३ | ५ | ८ | १३ |
| ४ | १० | ९ | १९ |
| ५ | ६ | १४ | २० |
| ६ | ३ | १२ | १५ |
| **जम्मा** | **३६** | **६१** | **९७** |

**१६. पछुतो लाग्नुको मुख्य कारणहरू :**

| क्र.सं. | कारण | संख्या |
|---|---|---|
| १ | आर्थिक अवस्था नाजुक भएकोले | १४ जना |
| २ | पढाई अधुरो भएकोले | १० जना |
| ३ | स्वास्थ्य स्थिति बिग्रेकोले | ६ जना |
| ४ | छिटो बच्चा जन्मिएकोले | ३ जना |
| ५ | अन्य कारणले | ३ जना |
| **जम्मा** | | **३६ जना** |

**१७. सर्वेक्षणका २५१ जना उत्तरदाताहरूलाई बालविवाह न्यूनीकरणका लागि समुदायमा के कस्ता कार्यक्रमहरू संचालन भइरहेका छन थाहा छ ?**

| वडा नं. | थाहा छ | थाहा छैन | जम्मा |
|---|---|---|---|
| १ | ४ | ३४ | ३८ |
| २ | ३ | ३२ | ३५ |
| ३ | १ | ३३ | ३४ |
| ४ | १ | ४६ | ४७ |
| ५ | ९ | ४१ | ५० |
| ६ | | ४७ | ४७ |
| **जम्मा** | **१८** | **२३३** | **२५१** |

**१८. तपाईको समूदायमा बालविवाह भईसके पछि उजुरी दिने चलन छ ?**

| वडा नं. | छ | छैन | कसैकसैले उजुरी दिन्छन | जम्मा |
|---|---|---|---|---|
| १ | १ | ३७ | | ३८ |
| २ | ३ | २७ | ५ | ३५ |
| ३ | २३ | १० | १ | ३४ |
| ४ | ४ | ३४ | ९ | ४७ |
| ५ | ११ | २० | १९ | ५० |
| ६ | ८ | ३९ | | ४७ |
| **जम्मा** | **५०** | **१६७** | **३४** | **२५१** |

**१९. उजुरी नदिने कारणहरू** :

| क्र.सं. | कारण | संख्या |
|---|---|---|
| १ | त्यस विषयमा चासो नभएकोले | ८८ जना |
| २ | ब्यक्तिगत रिसिइबी हुन्छ भनेर | ४५जना |
| ३ | अरुले पनि त गरेकै हुन भनेर | ३७ जना |
| ४ | कसैको दबाब वा डरले | ३५जना |
| ५ | नातेदार भएकोले | २७ जना |
| ६ | अन्य कारणले | १९ जना |
| **जम्मा** | | **२५१ जना** |

**।।। समाप्त ।।।**